# वार्षिक कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९/८०

प्रदेश सरकार

प्रदेश नं १

**स्वास्थ्य मन्त्रालय, विराटनगर, नेपाल**

## प्रत्येक कार्यक्रम//क्रियाकलाप सञ्चालन गर्दा मूलतः कार्यालय प्रमुख,लेखा प्रमुख, फोकल पर्सनले ध्यान दिनुपर्ने महत्वपूर्ण कुराहरू

क. प्रत्येक कार्यक्रमको तयारी तथा सञ्चालन **"आर्थिक वर्ष २०७९/८० को बजेट कार्यान्वयन सम्बन्धी कार्यान्वयन पुस्तिका"**, **"कार्यक्रम र परियोजना अनुसार बजेट बिनियोजन आ.व. २०७९/८०"** राम्ररी अध्ययन गरी अनिवार्य रूपमा पालना गर्नुपर्नेछ।

ख. प्रत्येक कार्यालयले बिद्युत र धारा जडान यकिन गरी आफ्नो कार्यालयको मात्र सुनिश्चित गर्नुपर्नेछ। बिद्युत महशुल, धाराको पानिको महशुल र गाडि तथा दुई पाङ्ग्रे सवारी साधनको विमा तथा नविकरण समयमा नतिरी जरिवाना दस्तुर तिर्नुपर्ने भएमा कार्यालय प्रमुख स्वयं जिम्मेवार हुनुपर्नेछ।

**ग.** यस पुस्तिकामा उल्लेखित कुराहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुनेछ र कार्यान्वयनमा समन्वयकारी भूमिका फोकल पर्सनको हुनेछ। फोकल पर्सन विषयसँग सम्बन्धित हुनुपर्नेछ। यदि विषयसँग सम्बन्धित फोकल पर्सन नभएको खण्डमा उक्त विषयमा दक्ष कर्मचारीलाई फोकल व्यक्तिको जिम्मेवारी दिनुपर्नेछ।

घ. प्रत्येक स्वीकृत कार्यक्रम सञ्चालन गर्दा कार्यक्रमको प्रकृति र बजेटको परिधिभित्र रही प्रचलित **"सार्वजानिक खरिद ऐन, २०६३"**, **"सार्वजनीक खरिद नियमावली, २०६४"**, भ्रमण ऐन तथा नियमावली, प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालय प्रदेश नं.१ को प्रचलित **"सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धि निर्देशिका"**(अन्य कुनै ऐन, नियमावली, कार्यविधि, निर्देशिका नयाँ निर्माण भए सो समेत) बमोजिम कार्यक्रम शुरू गर्नुपूर्व कार्यक्रम सञ्चालन प्रकृया, अनुमानित खर्च, सहभागी तथा स्रोत व्यक्ति, सहजकर्ता विवरण, कार्यक्रम सञ्चालन हुने स्थान, मिति, खरिद गर्नुपर्ने सामाग्रीहरुको विवरण तथा खर्च रकम समेत बाँडफाँट गरी कार्यालय प्रमुखबाट टिप्पणी आदेश स्वीकृत गराई मात्र कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

ङ. सञ्चालन गरेको प्रत्येक कार्यक्रमको प्रतिवेदन सहित भौतिक तथा वित्तीय प्रगति विवरण त्रैमासिक रुपमा अनिवार्य स्वास्थ्य मन्त्रालय समक्ष पेश गर्नुपर्नेछ।

च. स्वास्थ्य मन्त्रालय तथा स्वास्थ्य निर्देशनालयले कार्यक्रमको स्थलगत तथा उपलब्ध भएको प्रतिवेदनको आधारमा अनुगमन गर्न सक्नेछ।

# विषय सूची

## बजेट उपशीर्षक- जनस्वास्थ्य सेवा सवलीकरण तथा विस्तार कार्यक्रम (३७००११०३)


१. स्वास्थ्य सम्बन्धी कार्यक्रमबारे स्थानीय तहका जनप्रतिनिधिहरुसँग समन्वयात्मक छलफल........... ६
२. स्वास्थ्य संस्थाहरुको नविकरण/अनुगमन........ ७
३. मानसिक रोग सम्बन्धी औषधी खरिद........ ८
४. नसर्ने रोग रोकथाम कार्यक्रम........ ९
५. Birthing Center स्थापना/सुदृढीकरणका लागि औजार उपकरण खरिद........ ११
६. कार्यालय परिसरको बाटो मर्मत........ १२
७. प्रदेशभित्रका एचआईभी संक्रमित १८ बर्ष मूनीका बालबालिकाहरूलाई मासिक पोषण भत्ता....... १२
८. बिभिन्न संघ संस्थाहरुलाई चालु अनुदान........ १३
९. स्वास्थ्य संस्थाहरुलाई पूँजीगत अनुदान........ १४
१०. बिभिन्न संघ संस्थाहरुलाई पूँजीगत अनुदान........ १५
११. शौचालय निर्माणका लागि पूँजीगत अनुदान........ १६
१२. कोशी अस्पतालका लागि फिजियोथेरापी सम्बन्धी उपकरण खरिद........ १७
१३. सर्पदंश उपचार सम्बन्धी अनुसन्धान........ १९
१४. दन्तसेवा सम्बन्धी अनुसन्धान........ १९
१५. पहाडि जिल्लाहरुमा आँखा शिविर........ २०
१६. आङ्ग खस्ने समस्या भएका महिलाहरूको निःशुल्क शल्यक्रिया कार्यक्रम........ २१
१७. Obstetric fistula भएका महिलाहरूको निःशुल्क शल्यक्रिया कार्यक्रम........ २२
१८. Telemedicine कार्यक्रम संचालन तथा विस्तार........ २२
१९. Leprosy side effect management को लागि आवश्यक औषधी खरिद........ २३
२०. विद्यालय नर्सिङ्ग कार्यक्रम- सेवा करार निरन्तरता तलब, समिक्षा, सञ्चालन खर्च, विद्यालय नर्स कार्यक्रम संयोजकको लागि ल्यापटप खरिद, अनुगमन, औजार उपकरण खरिद........ २४
२१. जनस्वास्थ्य अधिकृत करार........ २७
२२. प्रादेशिक एम्बुलेन्स तथा पूर्व अस्पताल व्यवस्थापन समिति बैठक भत्ता........ २८
२३. एक पालिका एक महिला स्वास्थ्य स्वयंसेविका सम्मान कार्यक्रम........ २८
२४. कार्यक्रमको नामः HMIS/LMIS सेवा सुदृढिकरणका लागी कम्प्युटर सहायक करार........ २९
२५. कर्मचारी करार परीक्षा संचालन........ ३०

२६. गर्भवती तथा सुत्केरी महिलाका लागि निःशुल्क एम्वुलेन्स सेवा कार्यक्रम ............................... ३१
२७. अपाङ्गतामैत्री शौचालय निर्माण ............................................................................... ३१
२८. हाइड्रोसिल बिरामीहरुका लागि निःशुल्क शल्यक्रिया......................................................... ३२
२९. फुलवारी तथा बगैचा निर्माण................................................................................... ३३
३०. तालिमहल सुदृढीकरण.......................................................................................... ३४
३१. पानी ट्याङकी खरिद तथा जडान ............................................................................. ३५
३२. पाठेघरको मुखको क्यान्सर पहिचान तथा उपचारका लागि Thermo coagulator तालिम........... ३५
३३. एकिकृत प्रजनन स्वास्थ्य प्याकेज तालिम...................................................................... ३६
३४. Critical Care तालिम.............................................................................................. ३७
३५. प्रदेशमा कार्यरत चिकित्सकहरुका लागि मेडिकोलिगल तालिम ........................................... ३८
३६. प्रदेशका अस्पतालका नर्सिङ कर्मचारीका लागि SBA तालिम.............................................. ३९
३७. प्रसुति सेवा संचालनका लागि Skill Enhancement and Rotation............................................ ३९
३८. Implant तालिम ..................................................................................................... ४०
३९. IUCD तालिम ........................................................................................................ ४०
४०. MA तालिम............................................................................................................ ४१
४१. औजार उपकरण खरिद- डिस्प्ले सहित सिसि क्यामेरा जडान, कम्प्युटर र प्रिन्टर, Servo Stabilizer तथा UPS ............................................................................................................. ४२
४२. माइक्रोस्कोप खरिद.................................................................................................. ४३
४३. प्रतिक्षालय निर्माण.................................................................................................... ४३
४४. औलो परिक्षण सम्बन्धी प्रयोगशालाकर्मीहरूलाई तालिम.................................................... ४४
४५. प्रदेश जनस्वास्थ्य प्रयोगशालाको रणनीतिक योजना तयारी ................................................ ४५
४६. महामारीको सर्भिलेन्स कार्यक्रम.................................................................................. ४५
४७. कार्यक्रमको नामः प्रयोगशालाको Onsite Coaching/Mentoring कार्यक्रम I ......................... ४६
४८. जिल्लाका अस्पतालहरूमा Histopathology/cytology सेवा अन्तर्गत क्यान्सर परिक्षणका लागि नमुना संकलन गरी प्राप्त रिपोट सम्बन्धित अस्पतालहरूमा प्रेषण गर्ने कार्यक्रम I ...................................... ४७
४९. जिन्सी व्यवस्थापन सम्बन्धि तालिम............................................................................ ४७
५०. Quantification and Forecasting .............................................................................. ४८
५१. जेनरेटर खरिद ........................................................................................................ ४९

५२. निर्मित भवनको संरचनात्मक सुधार ............................................................ ४९

**बजेट उपशीर्षक- आपतकालीन तथा अन्य महामारी व्यवस्थापन (३७०००१०१)**

५३. औषधी तथा औषधीजन्य सामग्री खरिद ............................................................ ५१
५४. आपतकालीन तथा विपद् व्यवस्थापनका लागि औजार उपकरण खरिद ............................................................ ५२
५५. आपतकालिन/आकस्मिक स्वास्थ्य सेवा व्यवस्थापन ............................................................ ५३

**बजेट उपशीर्षक- अस्पताल सेवा सुदृढीकरण तथा विस्तार कार्यक्रम (३७००२१०३)**

५६. अपाङ्गमैत्री शौचालय निर्माण ............................................................ ५५
५७. पोषण पुनर्स्थापना गृह निर्माण ............................................................ ५५
५८. CT स्क्यानको लागि भवन निर्माण ............................................................ ५६
५९. Maternity Ward निर्माण ............................................................ ५७
६०. Biomedical Workshop निर्माण ............................................................ ५८
६१. औजार उपकरण खरिद ............................................................ ५८
६२. Water Plant निर्माण ............................................................ ७१
६३. प्लासेन्टा पिट निर्माण ............................................................ ७१
६४. कार्यालयको लागि फर्निचर तथा फिक्सचर्स ............................................................ ७३
६५. विशेषज्ञ चिकित्सक प्रोत्साहन भत्ता ............................................................ ७४
६६. निशुल्क औषधि तथा अन्य औषधि खरिद ............................................................ ७४
६७. ल्याव सेवाका लागि आवश्यक केमिकल्स। रिएजेन्ट। Xray Film खरिद ............................................................ ७५
६८. Dental Department का लागि औषधि तथा औषधिजन्य सामाग्री ............................................................ ७६
६९. क्याल्सियम खरिद ............................................................ ७७
७०. थालासिमियाका बिरामीका लागि औषधि खरिद ............................................................ ७७
७१. संक्रमण रोकथाम तथा सरसफाई सामाग्री खरिद ............................................................ ७८
७२. EMR Service Renewal ............................................................ ७९
७३. कर्मचारी करार ............................................................ ७९
७४. छात्रवृत्ति करार तलब ............................................................ ८२
७५. Maternity Waiting Home (प्रसुति प्रतिक्षा कक्ष) सञ्चालन खर्च ............................................................ ८२

७६. प्रसुति जटिलताका लागि रिफरल सेवा ........ ८३
७७. आङ्ग खस्ने समस्या भएका महिलाहरूको निशुल्क शल्यक्रिया कार्यक्रम........ ८४
७८. प्रदेशस्तरीय स्वास्थ्य संस्था तथा सरकारी अस्पतालहरुको न्यूनतम सेवा मापदण्ड कार्यक्रम ........ ८५
७९. पोषण पुनर्स्थापना गृह सञ्चालन ........ ८७
८०. हाइड्रोसिलको सर्जरीका लागि निशुल्क शल्यक्रिया ........ ८८
८१. निशुल्क गर्भवती जाँच कार्यक्रम ........ ८९

<u>जनस्वास्थ्य सेवा सवलीकरण (३७००११०३)</u>

**१. स्वास्थ्य सम्बन्धी कार्यक्रमबारे स्थानीय तहका जनप्रतिनिधिहरुसँग समन्वयात्मक छलफल**

| **शीर्षक** | **विवरण** |
|---|---|
| **खर्च शीर्षक नं.** | २२५२२ |
| **कृयाकलाप कोड** | २.७.२२.४१ |
| **पृष्ठभूमि** | स्वस्थ नागरिक समृद्ध प्रदेशको प्रादेशिक नीति अवलम्बन गर्दै प्रदेश सरकारले स्वास्थ्यसँग सम्बन्धित विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ। उपलब्ध दृष्टान्त, संवैधानिक व्यवस्था, नीति/निर्देशिकाको अधिनमा रही स्थानीय तहसम्म स्वास्थ्यका कार्यक्रमहरु प्रभावकारी ढंगले कार्यान्वयन गर्न सकेमा मात्र स्वस्थ नागरिक बनाउने नीतिले सार्थकता पाउन सक्नेछ। सो कार्यका लागि जनप्रतिनिधि लगायत सम्पूर्ण सरोकारवालाहरुलाई प्रदेशले सञ्चालन गर्ने स्वास्थ्यका कार्यक्रमहरुका बारे यथेस्ट जानकारी र त्यस विषयमा पर्याप्त छलफल गर्नु अत्यावश्यक छ। |
| **उद्देश्य** | स्थानीय तहमा सरोकारवालाहरु बीच स्वास्थ्यको वार्षिक कार्यक्रम तथा योजनाका बारे अभिमूखीकरण तथा पैरवी गर्ने। |
| **अपेक्षित उपलव्धी** | स्वास्थ्य सम्बन्धी नीतिगत निर्णय, कार्ययोजना, कार्यक्रम कार्यान्वयनमा सहजता आई अधिकतम प्रतिफल प्राप्त हुने र कार्यक्रमले दिगोपना पाउने। |
| **सञ्चालन प्रक्रिया** | • स्वास्थ्य कार्यालयले स्थानीय तहका प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, स्वास्थ्य शाखाका प्रमुखको उपस्थितिमा १ दिने समन्वयात्मक छलफलको आयोजना गर्नुपर्नेछ।<br>• छलफलमा स्वास्थ्यको वार्षिक कार्यक्रम अन्तर्गत संघ र प्रदेश सरकारबाट विनियोजित बजेट तथा योजनाहरुका बारेमा प्रस्तुतीकरण तथा छलफल गरी पृष्ठपोषण लिनुपर्नेछ।<br>• स्वास्थ्यका कार्यक्रमहरु कार्यान्वयनमा सहजताका लागि क्षेत्रगतरुपमा कार्ययोजना तयार गर्नुपर्नेछ।<br>• कार्यक्रम आयोजना गर्नुपूर्व स्वास्थ्य मन्त्रालय, स्वास्थ्य निर्देशनालयसँग समन्वय गरी सम्भव भएसम्म सम्बन्धित महाशाखा/शाखाको उपस्थितिमा सञ्चालन गर्नुपर्नेछ।<br>• प्रस्तुतीकरणको टेम्प्लेट मन्त्रालयले तोके बमोजिम हुनेछ। |
| **प्रतिवेदन प्रणाली** | स्वास्थ्य कार्यालयले कार्यक्रम सम्पन्न गरेपश्चात छलफलबाट निस्केको निचोड सहित स्वास्थ्य मन्त्रालयमा विश्लेषणात्मक प्रतिवेदन पठाउनुपर्नेछ। |
| **सञ्चालन गर्ने निकाय** | स्वास्थ्य कार्यालय सोलुखुम्बु, ताप्लेजुङ्ग, भोजपूर, पाँचथर, संखुवासभा। |

## २. स्वास्थ्य संस्थाहरुको नविकरण/अनुगमन

| शीर्षक | विवरण |
| --- | --- |
| खर्च शीर्षक नं. | २२६११ |
| कृयाकलाप कोड | २.८.१.१४ |
| पृष्ठभूमि | नेपालको संवैधानिक व्यवस्था अनुरुप स्वास्थ्य सेवाको संरचना तथा सेवा प्रणाली संघ, प्रदेश र स्थानीय तह गरी तीन तहमा बिभाजन गरिएको छ। प्रदेश सरकार र मातहतका निकायबाट ईजाजत लिई सञ्चालनमा रहेका तथा नविकरण गर्नुपर्ने स्वास्थ्य संस्थाहरुले मापदण्ड बमोजिम सेवा प्रदान गरे/नगरेको अनुगमन तथा नियमन गर्ने दायित्व सम्बन्धित निकायको रहन्छ। सोही प्रयोजनार्थ स्वीकृत कार्यविधिको अधिनमा रही स्वास्थ्य निर्देशनालय र स्वास्थ्य कार्यालयहरु मार्फत तोकिएका स्वास्थ्य संस्थाहरुको स्थलगत अनुगमन गर्नका लागि यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | स्वास्थ्य संस्था सञ्चालन तथा स्थापनाको स्वीकृत मापदण्ड पुरा भए/नभएको यकिन गर्ने र गुणस्तर सुनिश्चित गर्ने। |
| अपेक्षित उपलव्धी | स्वास्थ्य संस्थाहरु मापदण्ड बमोजिम सञ्चालन तथा स्थापना भई गुणस्तरीय सेवा प्रदान हुने। |
| सञ्चालन प्रक्रिया | • स्वास्थ्य संस्थाहरुको ईजाजत, नविकरण, अनुगमन तथा नियमन सम्बन्धी प्रदेश सरकारको स्वीकृत कार्यविधि अनुरुप स्वास्थ्य निर्देशनालय र स्वास्थ्य कार्यालयले आफ्नो कार्य क्षेत्र भित्र रहेका स्वास्थ्य संस्थाहरुको स्थलगत अनुगमन गर्नुपर्नेछ।<br>• मापदण्ड बमोजिम भौतिक पूर्वाधार, मानव संसाधन, सेवा प्रवाह लगायत अन्य व्यवस्था भए/नभएको यकिन गरी आवश्यक प्रकृया सम्पन्न गर्नुपर्नेछ।<br>• अनुगमन टोलीले अनिवार्य standard checklist प्रयोग गरी स्थलगत निरिक्षणका क्रममा checklist भरी प्रतिवेदन गर्नुपर्नेछ। |
| प्रतिवेदन प्रणाली | स्वास्थ्य कार्यालयले स्थलगत अनुगमन गरी नविकरण तथा सिफारिस गरेका स्वास्थ्य संस्थाको विवरण त्रैमासिक रुपमा स्वास्थ्य निर्देशनालयमा र स्वास्थ्य निर्देशनालयले जिल्लागत रुपमा सबै विवरण एकीकृत गरी स्वास्थ्य मन्त्रालयमा गर्नुपर्नेछ।<br>ईजाजतपत्रका लागि सिफारिस गरिएका स्वास्थ्य संस्थाको हकमा अनुगमनका क्रममा प्रयोग भएका प्रमाणित checklist हरु समेत संलग्न गरी सम्बन्धित निकायमा प्रतिवेदन गर्नुपर्नेछ। |

| | |
|---|---|
| **सन्द्रभ सामग्री** | प्रचलित स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धी निर्देशिका, २०७०<br>स्वास्थ्य संस्था सञ्चालन मापदण्ड, २०७७<br>जनस्वास्थ्य सेवा नियमावली, २०७७ |
| **सञ्चालन गर्ने निकाय** | स्वास्थ्य कार्यालय, स्वास्थ्य निर्देशनालय। |

## ३. मानसिक रोग सम्बन्धी औषधी खरिद

| **शीर्षक** | **विवरण** |
|---|---|
| **खर्च शीर्षक नं.** | २७२१३ |
| **कृयाकलाप कोड** | ७.२.९.२४ |
| **पृष्ठभूमि** | विश्वब्यापी रुपमा बढ्दै गएको मानसिक रोगको भारलाई मध्यनजर गर्दै यसबाट ग्रसित मानिसहरुलाई समुदायस्तरमै औषधी सेवन गर्ने वातावरण सिर्जना गरी उपचारलाई निरन्तरता प्रदान गर्न र चिकित्सकको परामर्श अनुसार नियमित औषधी सेवन गरी रोगको भार तथा जटीलता कम गरी स्वस्थ जीवनयापन गर्न सहज तुल्याउन यस शीर्षकमा बजेट विनियोजन गरिएको छ। |
| **उद्देश्य** | मानसिक रोगको उपचार तथा व्यवस्थापनका लागि आवश्यक औषधीको उपलब्धता सुनिश्चित गर्ने। |
| **अपेक्षित उपलव्धी** | समुदायस्तरमा रहेका मानसिक रोगीका लागि आवश्यक औषधी समयमै उपलब्ध भइ उपचार प्रकृयामा सहजता हुने। |
| **सञ्चालन प्रक्रिया** | • जिल्ला तहमा मानसिक रोग सम्बन्धी कार्य गर्ने संघ संस्था तथा स्थानीय तहको समन्वयमा समुदायमा रहेका तथा बिभिन्न संघ-संस्थाको रेखदेखमा रहेका मानसिक रोगीहरुको विवरण र त्यस्ता रोगीहरुलाई चिकित्सकले गरेको प्रेस्क्रिप्सन अनुसार आवश्यक औषधीको विवरण तथा परिमाण संकलन गरी पूर्वानुमान तयार गर्नुपर्नेछ।<br>• आर्थिक रुपले विपन्न, असहाय तथा लामो समयसम्म परिवारमा आश्रित भइ औषधी सेवन गरिरहेका मानसिक रोगीलाई मात्र यस शीर्षकबाट औषधी खरिद गरी उपलब्ध गराउनुपर्नेछ।<br>• तयार गरिएको सुचि बमोजिम खरिद गर्नुपर्ने औषधी प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ मा व्यबस्था भए बमोजिम गर्नुपर्नेछ। |

| | |
|---|---|
| | • औषधीको स्पेसिफिकेसन तयारी, खरिद पश्चात गुणस्तर यकिन फार्मेसि जनशक्तिबाट गराउनुपर्नेछ। औषधि खरिद गर्दा WHO GMP/USFDA Certified हुनुपर्नेछ।<br>• प्रदेश स्वास्थ्य आपूर्ती व्यवस्थापन केन्द्र मार्फत उपलब्ध हुने मानसिक रोग सम्बन्धी औषधी बाहेकका अन्य औषधीहरुलाई प्राथमिकतामा राखी खरिद गर्नुपर्नेछ। |
| **प्रतिवेदन प्रणाली** | कार्यक्रम सम्पन्न भए पश्चात सो को प्रतिवेदन स्वास्थ्य मन्त्रालयमा गर्नुपर्नेछ। |
| **सञ्चालन गर्ने निकाय** | स्वास्थ्य कार्यालय। |

## ४. नसर्ने रोग रोकथाम कार्यक्रम

| **शीर्षक** | **विवरण** |
|---|---|
| **खर्च शीर्षक नं.** | २२५२२ |
| **कृयाकलाप कोड** | २.७.२२.६९ |
| **पृष्ठभूमि** | बदलिँदो जीवनशैली, आहार बिहार, वातावरणीय असन्तुलन आदिका कारणले हाल नेपाल लगायत विश्व समुदायमा नसर्ने रोगको प्रकोप बढ्दो छ। समुदायमा लुकेर रहेका यस्ता रोगबाट ग्रसित मानिसहरुलाई समयमै पहिचान गरी आवश्यकता अनुरुप स्वास्थ्य सेवा प्रदान गर्न सके रोगले निम्त्याउने जटीलता कम गर्न सकिन्छ। प्रदेश सरकारले आ.व. २०७८/७९ देखि यो कार्यक्रम मोरंग जिल्लाबाट सुरु गरी सञ्चालनमा ल्याएको छ। |
| **उद्देश्य** | समुदायमा आधारित भएर नसर्ने रोगको रोकथाम,पहिचान तथा प्रेषण गर्ने। |
| **अपेक्षित उपलव्धी** | समुदायमा आधारित भएर नसर्ने रोगको समयमै रोकथाम ,पहिचान वा प्रेषण गरी नसर्ने रोगबाट हुन सक्ने जटिलताको भार कम हुने। |
| **सञ्चालन प्रक्रिया** | • स्वास्थ्य कार्यालयले सम्बन्धित जिल्लाको कम्तीमा ४ वटा स्थानीय तह (बिगतमा ग्रामीण आमा स्वास्थ्य सूरक्षा कार्यक्रम लागू भएकालाई प्राथमिकतामा राखी) छनौट गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।<br>• कार्यक्रम सञ्चालनका लागि अंग्रेजी राम्रोसंग पढ्न र लेख्न सक्ने महिला स्वास्थ्य स्वयंसेविका छनौट गर्नुपर्नेछ। महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई नसर्ने रोग, उच्च रक्तचाप, मधुमेह, प्रेषण गर्नुपर्ने अवस्थाबारे जानकारी दिन र डिजिटल प्रणालीबाट रक्तचाप तथा रगतमा चिनीको मात्रा नाप्नका लागि ३ दिने सीपमा आधारित तालिम दिनुपर्नेछ। सो सम्बन्धी तालिम सामाग्री ,अभिलेख तथा प्रतिवेदन सामाग्री तयार गर्नुपर्नेछ र फर्म/फर्म्याट प्रयोग गर्न अभिमूखीकरण गर्नुपर्नेछ। |

- यो कार्यक्रम सञ्चालनका लागि तपशिल बमोजिम Recording Reporting Tools छपाई गरी प्रयोग गर्नुपर्नेछ।

| | |
|---|---|
| १. | महिला स्वास्थ्य स्वंम सेविकाले प्रयोग गर्ने रजिस्टर |
| २. | महिला स्वास्थ्य स्वंम सेविकाले सम्बन्धित स्वास्थ्य संस्थामा रिपोर्टिंग गर्ने फारम |
| ३. | स्वास्थ्य संस्थाले पालिकामा रिपोर्टिंग गर्ने फारम |
| ४. | पालिकाले जिल्लामा रिपोर्टिंग गर्ने फारम |
| ५. | जिल्लाले मन्त्रालयमा रिपोर्टिंग गर्ने फर्म |
| ६. | महिला स्वास्थ्य स्वंम सेविकाले प्रयोग गर्ने रेफरल स्लिप तथा फारम |
| ७. | महिला स्वास्थ्य स्वंम सेविकाले प्रयोग गर्ने रोग पहिचान भएका व्यक्तिहरुको नामावली टिपोट गर्ने फारम |
| ८. | स्वास्थ्य संस्था स्तरीय त्रैमासिक समिक्षा वैठक बसने फारम |
| ९. | स्वास्थ्य संस्थाले रेफर भई आएका बिरामीको अभिलेख राखने रजिस्टर |
| १०. | उपचारमा रहेका विरामीहरुको लागि सम्पर्क कार्ड/स्वाथ्य सेवा कार्ड/अनुगमन जांच कार्ड |
| ११. | स्वास्थ्यकर्मीले महिला स्वास्थ्य स्वंम सेविकालाई अनुगमन गर्ने चेकलिस्ट फारम |

- सम्बन्धित स्थानीय तहका स्वास्थ्य संस्थाका प्रबिधिक कर्मचारीहरुलाई १ दिनको अभिमुखीकरण गर्नुपर्नेछ।
- रक्तचाप मापन गर्ने गुणस्तर प्रमाणित डिजिटल उपकरण र ग्लुकोमिटर खरिद गरी आवश्यक अभिलेख तथा प्रतिवेदन सामाग्री सहित छनौट भएका महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई वितरण गर्नुपर्नेछ ।
- मेडिकल उपकरण (Digital Blood Pressure Monitoring Machine, Glucometer) खरिद गर्नुपूर्व स्पेसिफिकेसन तयारी गर्दा प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रमा कार्यरत बायोमेडिकल ईन्जिनियर मार्फत गर्नुपर्नेछ।
- ग्रामीण आमा स्वास्थ्य सूरक्षा कार्यक्रम लागू भएका पालिका/स्वास्थ्य संस्थाहरू छनौट भएमा खरिद सामाग्री दोहोरो नहुने गरी ब्यवस्थापन गर्नुपर्नेछ।
- सम्बन्धित स्वास्थ्य संस्थाले कृयाकलापगत रुपमा कार्यक्रमको त्रैमासिक समिक्षा गर्ने र प्रतिबेदन तयार गरी स्वास्थ्य कार्यालयमा पठाउनुपर्नेछ।स्वास्थ्य कर्यालयबाट१ जना प्रशिक्षक हुन सक्ने र कार्यक्रमको मासिक प्रतिवेदन स्वास्थ्य मन्त्रालयलाई बुझाउनुपर्नेछ।

| | |
|---|---|
| | • महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई performance based incentive को सिद्दान्तको आधारमा बिधिपूर्वक रक्तचाप मापन गरेको वा रगतमा चिनीको मात्रा मापन गरेको यकिन गरि प्रति मापन प्रोत्साहन स्वरूप १० रुपैयाको दरले दिन सकिनेछ। यसै शिर्षकबाट आबश्यक ब्याट्री लगायत अन्य सामन्य मर्मतको ब्यबस्था गर्नुपर्नेछ। |
| **प्रतिवेदन प्रणाली** | स्वास्थ्य कार्यालयले कार्यक्रमको मासिक प्रगति प्रतिबेदन स्वास्थ्य मन्त्रालयमा गर्नुपर्नेछ। |
| **सञ्चालन गर्ने निकाय** | स्वास्थ्य कार्यालय मोरङ्ग, संखुवासभा, ईलाम। |

## ५. Birthing Center स्थापना/सुदृढीकरणका लागि औजार उपकरण खरिद

| **शीर्षक** | **विवरण** |
|---|---|
| **खर्च शीर्षक नं.** | ३११२२ |
| **कृयाकलाप कोड** | ११.३.९.३३ |
| **उद्देश्य** | गर्भवती महिलाहरुलाई सुरक्षित र गुणस्तरीय प्रसूति सेवा प्रदान गर्ने।<br>संस्थागत प्रसूति दर बृद्धि गर्ने। |
| **अपेक्षित उपलव्धी** | प्रचलित मापदण्ड अनुरुप बर्थिङ्ग सेन्टर सञ्चालन भई गर्भवती महिलाहरुले गुणस्तरीय संस्थागत प्रसूति सेवा प्राप्त गर्ने। |
| **सञ्चालन प्रक्रिया** | • स्वास्थ्य कार्यालयले स्थानीय तहसंग समन्वय गरी जिल्लाभर सञ्चालनमा रहेका कुल बर्थिङ्ग सेन्टरको विवरण अध्यावधिक गरी पब्लिक हेल्थ नर्स मार्फत बर्थिङ्ग सेन्टरहरुमा नेपाल सरकारद्वारा स्वीकृत गरिएको "आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम निर्देशिका २०७८"को अनुसूचि १२ मा उल्लेख गरे बमोजिम मापदण्ड अनुसारका औजार/उपकरण तथा अन्य व्यवस्था पूरा भए/नभएको स्थलगत अनुगमन गरी प्रतिबेदन तयार गर्नुपर्नेछ।<br>• मापदण्ड अनुसार औजार/उपकरण अपूग भई सेवा प्रवाहमा कठीनाई भएको अवस्थामा त्यस्ता बर्थिङ्ग सेन्टरलाई प्राथमिकतामा राखी सम्बन्धित स्थानीय तहबाट प्रस्ताव माग गरी उक्त सामग्रीहरु खरिद तथा हस्तान्तरण गर्नुपर्नेछ।<br>• स्थानीय तहबाट नयाँ बर्थिङ्ग सेन्टर स्थापना गर्नुपर्ने माग भइ आएमा माथि उल्लिखित निर्देशिकाको अनुसूचि १२ को मापदण्ड बमोजिम भए/नभएको यकिन गर्नुपर्नेछ र प्रस्ताव माग गरी औजार/उपकरण को व्यवस्थापन गर्न सकिनेछ।<br>• स्वास्थ्य कार्यलयले जिल्लाभित्र सञ्चालित बर्थिङ्ग सेन्टरले प्रदान गर्ने सेवाको गुणस्तरीयता सम्बन्धी नियमित अनुगमन गरी आवश्यक सहजीकरण गर्नुपर्नेछ। |

| | |
|---|---|
| **प्रतिवेदन प्रणाली** | कार्यक्रम सम्पन्न भए पश्चात सो को प्रतिवेदन स्वास्थ्य निर्देशनालय र मन्त्रालयमा गर्नुपर्नेछ। |
| **सञ्चालन गर्ने निकाय** | स्वास्थ्य कार्यालय। |

## ६. कार्यालय परिसरको बाटो मर्मत

| **शीर्षक** | **विवरण** |
|---|---|
| **खर्च शीर्षक नं.** | ३११५९ |
| **कृयाकलाप कोड** | ११.४.२२.३ |
| **उद्देश्य** | स्वास्थ्य कार्यालय परिसरको भौतिक पूर्वाधार विकास गर्ने। |
| **अपेक्षित उपलव्धी** | स्वास्थ्य कार्यालयमा आवत जावत गर्न, खोप, औषधीजन्य सामग्री लगायत ढुवानीका लागि सवारी साधन आउन/जान सहज हुनेछ। |
| **सञ्चालन प्रक्रिया** | • स्वास्थ्य कार्यालयले निर्माण कार्यका लागि लागत इस्टिमेट तयार गरी "सार्वजनिक खरिद ऐन,२०६३," "सार्वजानिक खरिद नियमावली २०६४" बमोजिम निर्माण कार्य गर्नुपर्नेछ।<br>• कार्य सम्पन्न गरेपश्चात सो को प्रतिवेदन स्वास्थ्य निर्देशनालयमा गर्नुपर्नेछ। |
| **सञ्चालन गर्ने निकाय** | स्वास्थ्य कार्यालय ईलाम। |

## ७. प्रदेशभित्रका एचआईभी संक्रमित १८ बर्ष मूनीका बालबालिकाहरूलाई मासिक पोषण भत्ता

| **शीर्षक** | **विवरण** |
|---|---|
| **खर्च शीर्षक नं.** | २११३९ |
| **कृयाकलाप कोड** | १.२.१३.९ |
| **उद्देश्य** | प्रदेशमा रहेका १८ बर्ष मूनीका HIV संक्रमित बालबालिकाहरुको पोषण अबस्था सुधार गर्ने। |
| **अपेक्षित उपलव्धी** | प्रदेशमा रहेका १८ बर्षमुनिका एचआइभी संक्रमित बालबालिकाहरुको पोषण अबस्थामा सुधार भइ उपचार प्रकृयामा सकारात्मक प्रभाव पर्ने । |

| | |
|---|---|
| **सञ्चालन प्रक्रिया** | १. स्वास्थ्य कार्यालयले स्थानीय तह तथा HIV/AIDS सम्बन्धी कार्य गर्ने साझेदार संघ सस्थाहरुसँग समन्वय गरी १८ बर्षमुनिका एचआइभी संक्रमित बालबालिकाहरुको तथ्याङ्क सङ्कलन गर्ने।<br>२. प्रति व्यक्ति मासिक रु. १००० को दरले पोषणभत्ता स्वरुप सम्बन्धित बालबालिकाको बैंक खातामा वार्षिक एकमुस्ट रकम जम्मा गर्नुपर्नेछ। |
| **प्रतिवेदन प्रणाली** | कार्यक्रम सम्पन्न गरे पश्चात सोको प्रतिवेदन स्वास्थ्य निर्देशनालयमा गर्नुपर्नेछ। |
| **सञ्चालन गर्ने निकाय** | स्वास्थ्य कार्यालय झापा, मोरङ्ग, सुनसरी। |

## ८. बिभिन्न संघ संस्थाहरुलाई चालु अनुदान

| **शीर्षक** | **विवरण** |
|---|---|
| **खर्च शीर्षक नं.** | २६४१३ |
| **पृष्ठभूमि** | स्वास्थ्य सेवा एक बहुआयामिक क्षेत्र हो। सरकार र सरकारी संयन्त्र सँगसँगै नीजि, सहकारी तथा अन्य सरोकारवाला निकायहरुको प्रत्यक्ष सहभागिता हुन सके स्वास्थ्य सेवाले दिगोपना र सर्बब्यापी पहुँच पुर्याउन सक्नेछ। यसका लागि समान उद्धेश्य राखी स्थापना भएका संघ संस्थालाई आवश्यक स्रोत उपलब्ध गराई स्वास्थ्यमा सर्वव्यापी पहुँचलाई टेवा पुर्याउन अनुदानको व्यवस्था राखिएको हो। |
| **कृयाकलाप नाम/कोड** | १. दमक सर्पदंश उपचार केन्द्रलाई चालु अनुदान (२.१.१२.१)<br>२. सामुदायिक सर्पदंश उपचार केन्द्र इटहरीमार्फत सचेतना कार्यक्रम सञ्चालनका लागि अनुदान (२.७.२२.९२)<br>३. नेपाल ग्रामीण विकास समाज केन्द्र, विराटनगरका लागि ज्येष्ठ नागरिक लक्षित हेल्थ क्लिनिक सञ्चालन अनुदान (२.७.२२.८७)<br>४. राष्ट्रसेवक ज्येष्ठ नागरिक समाज, विराटनगर-९ लाई स्वास्थ्य परिक्षण शिविर सञ्चालन अनुदान (२.७.२२.८८)<br>५. अटिजम केयर सोसाइटी, विराटनगरलाई अनुदान (२.७.२२.८९)<br>६. हेमोफिलिया भएका ब्यक्तिहरुका लागि एन्टिहेमोफिलिक फ्याक्टर व्यवस्थापन गर्न हेमोफिलिया सोसाइटी नेपाल, प्रदेश १ लाई अनुदान (५.१.११.२)<br>७. BPKIHS मा द्धन्द पीडितहरूको निःशुल्क उपचार सेवाका लागि चालु अनुदान (२.७.२२.९७) |

| | |
|---|---|
| **उद्देश्य** | निश्चित उद्धेश्यका साथ स्थापना भइ समुदायमा प्रत्यक्ष सरोकार राखी सेवामा जोडिएका संघ संस्थाले प्रदान गर्ने सेवा सुदृढ हुने। |
| **अपेक्षित उपलव्धी** | संघ संस्थाले प्रदान गर्ने सेवा सुदृढ भई लक्षित वर्गले सहज रुपमा सेवा प्राप्त गर्न सक्ने। |
| **सञ्चालन प्रक्रिया** | • अनुदान प्राप्त गर्ने संघ/संस्थाहरुले सम्बन्धित निकायमा प्रस्ताव पेश गर्नुपर्नेछ। प्रस्तावमा कृयाकलापको उद्देश्य, बिस्तृत कार्ययोजना (समयसिमा सहित), लाभान्वित हुनसक्ने ब्यक्तिहरुको अनुमानित सङ्ख्या, अपेक्षित उपलब्धी तथा उक्त कार्यका लागि लागत अनुमान समावेश गर्नुपर्नेछ।<br>• सम्बन्धित निकायले सम्पूर्ण जानकारी सहितको प्रस्ताव प्राप्त गरे पश्चात संघ/संस्थासंग प्रचलित नियमको अधिनमा रही सम्झौता गर्नुपर्नेछ। सम्झौतामा लक्षित बर्गले प्राप्त गरेको सेवाको विवरण अनिवार्य पेश गर्ने शर्त तोक्नुपर्नेछ।<br>• कार्य सम्पन्न गरे पश्चात अनुदान प्राप्त गर्ने संघ/संस्थाहरुले आ.व. समाप्त भएको तीन महिना भित्र audit report तथा बिल/भरपाईको प्रतिलिपी सम्बन्धित निकायमा पेश गर्नुपर्नेछ।<br>• सम्बन्धित निकायले संघ/संस्थाहरुबाट सम्झौता अनुरुप कार्य गरे/नगरेको अनुगमन गरी पृष्ठपोषण दिनुपर्नेछ। |
| **प्रतिवेदन प्रणाली** | अनुगमन प्रतिबेदन तथा कार्य सम्पन्न गरे पश्चात सोको प्रतिवेदन स्वास्थ्य मन्त्रालयमा गर्नुपर्नेछ। |
| **सञ्चालन गर्ने निकाय** | स्वास्थ्य कार्यालय झापा, मोरङ्ग, सुनसरी, स्वास्थ्य निर्देशनालय। |

## ९. स्वास्थ्य संस्थाहरुलाई पूँजीगत अनुदान

| **शीर्षक** | **विवरण** |
|---|---|
| **खर्च शीर्षक नं.** | २६४२३ |
| **कृयाकलाप नाम/कोड** | १. दमक बाल अस्पताल निर्माण तथा सञ्चालनका लागि काठमाण्डौं इन्स्टिच्युट अफ चाइल्ड हेल्थलाई पुँजीगत अनुदान (२.७.२२.९४)<br>२. गणेशमान सिंह सामुदायिक अस्पताल, पाँचथरलाई पुँजीगत अनुदान (२.७.२२.९५)<br>३. थुलुङ दुधकोशी सोलुखुम्बु सामुदायिक अस्पताललाई पुँजीगत अनुदान (२.७.२२.९६) |
| **उद्देश्य** | स्वास्थ्य संस्थाहरुको भौतिक पूर्वाधार, सेवा प्रवाह गर्न आवश्यक मेडिकल औजार उपकरण लगायत अन्य आवश्यक पक्षको बिकास गर्ने। |

| | |
|---|---|
| **अपेक्षित उपलब्धी** | मापदण्ड अनुसारका स्वास्थ्य संस्था सञ्चालनमा आई गुणस्तरीय सेवा प्रवाहमा सहजता प्रदान हुने। |
| **सञ्चालन प्रक्रिया** | • अनुदान प्राप्त गर्ने स्वास्थ्य संस्थाहरुले सम्बन्धित निकायमा प्रस्ताव पेश गर्नुपर्नेछ। प्रस्तावमा लागत अनुमान, समयसिमा सहितको बिस्तृत कार्ययोजना, स्वास्थ्य संस्था स्थापनाको चरणमा भए सम्बन्धित निकायबाट सोको मनशायपत्र, पूर्व स्वीकृति पत्र वा प्रचलित नियमानुसारको सञ्चालन अनुमति पत्र अनिवार्य समावेश गर्नुपर्नेछ।<br>• सम्बन्धित निकायले सम्पूर्ण जानकारी सहितको प्रस्ताव प्राप्त गरे पश्चात स्वास्थ्य संस्थासंग प्रचलित नियमको अधिनमा रही सम्झौता गर्नुपर्नेछ।<br>• सम्झौता गरिसकेपछि पहिलो किस्ता वापत कुल अनुदानको तीस प्रतिशत ३०% निकासा दिने, कम्तिमा आधा काम सम्पन्न गरे पश्चात अनुगमन गरी दोस्रो किस्ता वापत कुल अनुदानको चालिस प्रतिशत ४०% रकम निकासा दिने र अनुदान प्राप्त गर्ने संस्थाबाट आवश्यक कागजात वील भर्पाई सहितको कार्यसम्पन्न प्रतिवेदन प्राप्त भए पश्चात अनुगमन गरी बाँकी तीस प्रतिशत ३०% रकम निकासा दिनुपर्नेछ।<br>• अनुदान प्राप्त गर्ने संस्थाले आ.व. समाप्त भएको तीन महिना भित्र Audit report सम्बन्धित निकायमा अनिवार्य पेश गर्नुपर्नेछ।<br>• सम्बन्धित निकायले स्वास्थ्य संस्थाहरुबाट सम्झौता अनुरुप कार्य भए/नभएको स्थलगत अनुगमन गर्नुपर्नेछ। निर्माण कार्यसँग सम्बन्धित कार्य गर्ने सरकारी कार्यालयहरु मार्फत अनुगमन गराई एकीकृत प्रतिबेदन गर्न सकिनेछ। |
| **प्रतिवेदन प्रणाली** | अनुगमन प्रतिबेदन तथा कार्य सम्पन्न गरे पश्चात सोको प्रतिवेदन स्वास्थ्य मन्त्रालयमा गर्नुपर्नेछ। |
| **सञ्चालन गर्ने निकाय** | स्वास्थ्य निर्देशनालय। |

## १०. बिभिन्न संघ संस्थाहरुलाई पूँजीगत अनुदान

| **शीर्षक** | **विवरण** |
|---|---|
| **खर्च शीर्षक नं.** | २६४२३ |
| **कृयाकलाप नाम/कोड** | १. स्वास्थ्य शिक्षा प्रवर्धनका लागि विराटनगर नर्सिङ क्याम्पसलाई पुँजीगत अनुदान (११.१.३.३)<br>२. National Anti Tuberculosis Association (NATA), विराटनगर लाई पुँजीगत अनुदान (२.७.२२.९०) |

| | |
|---|---|
| **उद्देश्य** | १. Evidence Based Learning का लागि आवश्यक प्रविधि तथा उपकरण व्यवस्थापन गर्ने।<br>२. संस्थाद्वारा प्रदान गर्ने सेवाको गुणस्तर वृद्धि गर्ने। |
| **अपेक्षित उपलव्धी** | अनुसन्धानमा आधारित तथ्यपरक ज्ञान, सीप हाँसिल गरी गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न सक्ने जनशक्ति उत्पादन हुने।<br>क्षयरोगको निदान र जटीलता व्यवस्थापनमा सहजता हुने। |
| **सञ्चालन प्रक्रिया** | • अनुदान प्राप्त गर्ने संघ/संस्थाहरुले सम्बन्धित निकायमा प्रस्ताव पेश गर्नुपर्नेछ। प्रस्तावमा कृयाकलापको उद्देश्य, बिस्तृत कार्ययोजना (समयसिमा सहित), सामग्री खरिद गर्नुपर्ने भए सो को आवश्यकता पुष्टयाई, लाभान्वित व्यक्तिको अनुमानित सङ्ख्या र लागत अनुमान समावेश गर्नुपर्नेछ।<br>• सम्बन्धित निकायले सम्पूर्ण जानकारी सहितको प्रस्ताव प्राप्त गरे पश्चात संघ/संस्थासंग प्रचलित नियमको अधिनमा रही सम्झौता गर्नुपर्नेछ।<br>• कार्य सम्पन्न गरे पश्चात अनुदान प्राप्त गर्ने संघ/संस्थाहरुले आ.व. समाप्त भएको तीन महिना भित्र audit report तथा बिल/भरपाईको प्रतिलिपी सम्बन्धित निकायमा पेश गर्नुपर्नेछ।<br>• सम्बन्धित निकायले संघ/संस्थाहरुबाट सम्झौता अनुरुप कार्य गरे/नगरेको अनुगमन गरी पृष्ठपोषण दिनुपर्नेछ।<br>• संघ/संस्थालाई चालु प्रकृतिका कार्य गर्नका लागि यस शीर्षकमा बिनियोजन बजेटबाट अनुदान दिन पाइने छैन्। |
| **प्रतिवेदन प्रणाली** | कार्य सम्पन्न गरे पश्चात सोको प्रतिवेदन स्वास्थ्य मन्त्रालयमा गर्नुपर्नेछ। |
| **सञ्चालन गर्ने निकाय** | स्वास्थ्य कार्यालय मोरङ्ग। |

## ११. शौचालय निर्माणका लागि पूँजीगत अनुदान

| **शीर्षक** | **विवरण** |
|---|---|
| **खर्च शीर्षक नं.** | २६४२३ |
| **कृयाकलाप कोड** | २.९.१०.१ |
| **उद्देश्य** | सरसफाई तथा स्वच्छता प्रवर्द्धन गर्ने। |

| | |
|---|---|
| **अपेक्षित उपलव्धी** | वातावरणीय सरसफाई र स्वच्छता कायम भई बिभिन्न सरुवा रोगको फैलावटमा कमी आउने। |
| **सञ्चालन प्रक्रिया** | • स्वास्थ्य कार्यालयले प्रचलित नियम कानूनको अधिनमा रही शौचालय निर्माणका लागि अनुदान प्राप्त गर्ने संस्था छनौट गरी सम्झौता गर्नुपर्नेछ।<br>• कार्य सम्पन्न गरे पश्चात अनुदान प्राप्त गर्ने निकायले audit report तथा बिल/भरपाईको प्रतिलिपी, प्रमाणित कार्य सम्पन्न प्रतिवेदन को प्रमाणित प्रतिवेदन स्वास्थ्य कार्यालयमा पेश गर्नुपर्नेछ।<br>• सम्झौता अनुरुप कार्य गरे/नगरेको अनुगमन गरी स्वास्थ्य कार्यालयले पृष्ठपोषण दिनुपर्नेछ।<br>• शौचालय निर्माण गर्नुपर्ने स्थानको छनौट मन्त्रालयको निर्णय बमोजिम हुनेछ। |
| **प्रतिवेदन प्रणाली** | कार्य सम्पन्न गरे पश्चात सोको प्रतिवेदन स्वास्थ्य मन्त्रालयमा गर्नुपर्नेछ। |
| **सञ्चालन गर्ने निकाय** | स्वास्थ्य कार्यालय मोरङ्ग। |

## १२. कोशी अस्पतालका लागि फिजियोथेरापी सम्बन्धी उपकरण खरिद

| **शीर्षक** | **विवरण** |
|---|---|
| **खर्च शीर्षक नं.** | ३११२२ |
| **कृयाकलाप कोड** | ११.३.२२.५ |
| **उद्देश्य** | कोशी अस्पतालको फिजियोथेरापी ईकाइका लागि आवश्यक औजार उपकरण खरिद तथा जडान गर्ने। |
| **अपेक्षित उपलव्धी** | फिजियोथेरापी ईकाइमा आवश्यक औजार उपकरण जडान भई गुणस्तरीय सेवा प्रदान हुने। |
| **सञ्चालन प्रक्रिया** | • स्वास्थ्य कार्यालयले फिजियोथेरापी ईकाइमा आवश्यक तपशिल वमोजिमका औजार, उपकरण खरिद गरी कोशी अस्पताललाई हस्तान्तरण गर्नुपर्नेछ।<br>• औजार, उपकरण खरिद गर्नुपूर्व सोको स्पेसिफिकेसन स्वास्थ्य मन्त्रालय अन्तर्गतका निकायमा कार्यरत बायोमेडिकल ईन्जिनियरमार्फत तयार गर्नुपर्नेछ।<br>• औजार, उपकरण खरिद गर्दा ISO certified हुनुपर्नेछ। |

| सामग्रीको विवरण | परिमाण |
|---|---|
| RPW and Shockwave Therapy Equipment | 01 unit |
| Class IV LASER therapy machine | 02 units |
| Robotic Hand/glove rehabilitation device | 01 unit |
| Hydraulic Manipulation/treatment Table | 02 units |
| Chiropractic Gun | 02 units |
| Massage gun | 02 units |
| Cupping Therapy Set | 02 sets |
| Inclinometer | 01 unit |
| Handheld Dynamometer | 01 unit |
| IASTM tool Box | 03 set (Complete) |
| Automatic tilt table | 01 unit |
| Treadmill | 01 unit |
| Multiple gym exercise set | 01 unit |
| Peg board | 02 units |
| Mulligan Belts | 03 units |
| Ultrasound therapy machine | 02 units |
| Combination therapy equipment | 01 unit |
| Motorised active and passive stationary bike for upper and lower limbs (Combo) | 01 unit |
| Magnetotherapy Equipment | 01 unit |
| TENS with cupping (Combo) | 01 unit |

- सामग्री हस्तान्तरण पश्चात सेवा प्रवाहको अवस्थाबारे स्वास्थ्य कार्यालयले स्थलगत अनुगमन गरी प्रतिबेदन गर्नुपर्नेछ।

| | |
|---|---|
| **प्रतिवेदन प्रणाली** | कार्य सम्पन्न गरे पश्चात सोको प्रतिवेदन स्वास्थ्य मन्त्रालयमा गर्नुपर्नेछ। |
| **सञ्चालन गर्ने निकाय** | स्वास्थ्य कार्यालय मोरङ्ग। |

## १३. सर्पदंश उपचार सम्बन्धी अनुसन्धान

| शीर्षक | विवरण |
|---|---|
| खर्च शीर्षक नं. | २२४११ |
| कृयाकलाप कोड | २.५.२.१ |
| उद्देश्य | सर्पदंश उपचार प्रणालीका बारेमा विश्वब्यापीरुपमा अपनाइएका पद्धती, खोज र बैज्ञानिक तथ्यमा आधारित उपचार प्रकृयाका बारेमा अध्ययन/अनुसन्धान गर्ने। |
| अपेक्षित उपलव्धी | सर्पदंश उपचार पद्धतीका बारेमा यथार्थ तथ्याङ्क सङ्कलन भई थप सुदृढ र बैज्ञानिक तवरले सेवा प्रवाह हुने। |
| सञ्चालन प्रक्रिया | • स्वास्थ्य निर्देशनलायले यस अध्ययन/अनुसन्धानको कार्य क्षेत्रगत विवरण (TOR) तयार गर्ननुपर्नेछ। सो कार्य गर्दा मन्त्रालयको समन्वयमा गर्नुपर्नेछ।<br>• स्वास्थ्य क्षेत्रमा काम गर्ने संघ/संस्था मार्फत प्रचलित सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४, प्रदेश सरकारको "सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका,२०७५" बमोजिम आवश्यक प्रकृया गरी अनुसन्धान गर्नुपर्नेछ।<br>• स्वास्थ्य निर्देशनालयले अनुसन्धानबाट प्राप्त तथ्याङ्क र नतिजालाई सार्वजनिक गरी सरोकारवालासम्म पुर्याउने वातावरण सिर्जना गर्नुपर्नेछ। |
| प्रतिवेदन प्रणाली | अनुसन्धानको नतिजा सहितको booklet तयार गरी विस्तृत प्रतिबेदनका साथ स्वास्थ्य मन्त्रालयमा पेश गर्नुपर्नेछ। |
| सञ्चालन गर्ने निकाय | स्वास्थ्य निर्देशनालय |

## १४. दन्तसेवा सम्बन्धी अनुसन्धान

| शीर्षक | विवरण |
|---|---|
| खर्च शीर्षक नं. | २२४११ |
| कृयाकलाप कोड | २.५.२.२ |
| उद्देश्य | मुख स्वास्थ्यसंग सम्बन्धित दन्त सेवाका बारे अनुसन्धान गर्ने। |
| अपेक्षित उपलव्धी | दाँत सम्बन्धी समस्याका बारे यथार्थ तथ्याङ्क सङ्कलन भई माग अनुरुपको उपचार प्रणालीको विकास हुने। |

| | |
|---|---|
| **सञ्चालन प्रक्रिया** | • स्वास्थ्य निर्देशनलायले यस अध्ययन/अनुसन्धानको कार्य क्षेत्रगत विवरण (TOR) तयार गर्ननुपर्नेछ। सो कार्य गर्दा मन्त्रालयको समन्वयमा गर्नुपर्नेछ।<br>• स्वास्थ्य क्षेत्रमा (विशेष गरी मुख तथा दन्त स्वास्थ्य सेवा सम्बन्धी) काम गर्ने संघ/संस्था मार्फत प्रचलित सार्वजानिक खरिद ऐन २०६३, नियमावली २०६४, प्रदेश सरकारको "सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका,२०७५" बमोजिम प्रकृया गरी अनुसन्धान कार्य गर्नुपर्नेछ।<br>• स्वास्थ्य निर्देशनालयले अनुसन्धानबाट प्राप्त तथ्याङ्क र नतिजालाई सार्वजनिक गरी सरोकारवालासम्म पुर्याउने वातावरण सिर्जना गर्नुपर्नेछ।<br>• प्राप्त नतिजालाई सेवासम्म जोड्नका लागि सरोकारवालासँग छलफल गरी कार्य योजना तयार गर्नुपर्नेछ। |
| **प्रतिवेदन प्रणाली** | अनुसन्धानको नतिजा सहितको booklet तयार गरी विस्तृत प्रतिबेदनका साथ स्वास्थ्य मन्त्रालयमा पेश गर्नुपर्नेछ। |
| **सञ्चालन गर्ने निकाय** | स्वास्थ्य निर्देशनालय |

## १५. पहाडि जिल्लाहरुमा आँखा शिविर

| **शीर्षक** | **विवरण** |
|---|---|
| **खर्च शीर्षक नं.** | २२५२२ |
| **कृयाकलाप कोड** | २.७.२२.२८३ |
| **उद्देश्य** | विशेषज्ञ स्वास्थ्य सेवाको पहुँच नपुगेका, आँखा सम्बन्धी समस्याबाट ग्रसित तथा जोखिममा रहेका समुदायसम्म उपचार सेवा , परामर्श तथा आवश्यकतानुसार प्रेषण गर्ने। |
| **अपेक्षित उपलव्धी** | आँखा स्वास्थ्य सेवाको पहुँच नपुगेका, स्वास्थ्य समस्याबाट ग्रसित तथा जोखिममा रहेका समुदायमा विशेषज्ञ सहितको स्वास्थ्य शिविर संचालन भई सेवा प्राप्त हुने। |
| **सञ्चालन प्रक्रिया** | • स्वास्थ्य निर्देशनालयले यस प्रदेशमा आँखा स्वास्थ्य सम्बन्धी सेवा प्रदान गरिरहेका स्वास्थ्य संस्था, सरोकारवाला संघ/संस्था तथा स्थानीय तहसँग समन्वय गरी अधिकतम सेवा प्रदान गर्ने ढँगबाट शिविर को योजना बनाउनु पर्नेछ ।<br>• सेवाको पहुँच नपुगेका फरक/फरक पहाडी जिल्लाहरुको कम्तिमा ३ वटा स्थान छनौट गरी प्रत्येकमा २ दिने शिविर सञ्चालन गर्नुपर्नेछ। |

| | |
|---|---|
| | • शिविर संचालन गर्दा स्थानीय तह र साझेदार संस्थासमेतको सहभागितामा आवश्यक जनशक्ति, औषधी तथा स्वास्थ्य सामग्री र अन्य व्यवस्थापन गर्नुपर्नेछ।<br>• प्रचलित सार्वजानिक खरिद ऐन २०६३, नियमावली २०६४, प्रदेश सरकारको "सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका,२०७५" को अधिनमा रही कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। |
| **प्रतिवेदन प्रणाली** | कार्यक्रम सञ्चालन गरे पश्चात शिविरमा प्रदान गरिएको सेवाबाट लाभान्वितको विवरण सहित स्वास्थ्य मन्त्रालयमा पेश गर्नुपर्नेछ। |
| **सञ्चालन गर्ने निकाय** | स्वास्थ्य निर्देशनालय |

## १६. आङ्ग खस्ने समस्या भएका महिलाहरूको निःशुल्क शल्यक्रिया कार्यक्रम

| **शीर्षक** | **विवरण** |
|---|---|
| **खर्च शीर्षक नं.** | २२५२२ |
| **कृयाकलाप कोड** | २.७.२२.११ |
| **उद्देश्य** | आङ्ग खस्ने समस्या भएका महिलाहरुलाई निःशुल्क उपचारको व्यवस्था गर्ने। |
| **अपेक्षित उपलव्धी** | आङ्ग खस्ने समस्या भएका महिलाहरुले निःशुल्क शल्यक्रिया सेवा प्राप्त गरी प्रजनन् रुग्णता कम हुनेछ। |
| **सञ्चालन प्रक्रिया** | • स्वास्थ्य निर्देशनालयले नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरिएको "पाठेघर खस्ने समस्याको उपचार तथा शल्यक्रिया सम्बन्धी कार्यविधि निर्देशिका २०६५ (दोस्रो संशोधन २०६८)" को खर्च सम्बन्धी व्यवस्था र विनियोजित बजेटको परिधिभित्र रही सेवा प्रदान गर्न सक्ने मेडिकल कलेज, निजि तथा सहकारी अस्पतालसंग प्रचलित नियमानुसार शल्यक्रिया सेवा प्रदान गर्ने सम्झौता गर्नुपर्नेछ।<br>• सम्झौतापश्चात सेवा प्रदायक अस्पतालका सम्पर्क ब्यक्तिको सम्पर्क नं सहित सो को जानकारी सम्पूर्ण स्वास्थ्य कार्यालय तथा जिल्ला अस्पतालहरुलाई गराउनुपर्नेछ।<br>• शल्यक्रिया सेवा प्रदान गरेको विवरणको आधारमा "पाठेघर खस्ने समस्याको उपचार तथा शल्यक्रिया सम्बन्धी कार्यविधि" निर्देशिकामा उल्लेख गरे अनुसारको प्रति इकाई लागत रकम शोधभर्ना दिनुपर्नेछ। |
| **प्रतिवेदन प्रणाली** | प्रकृया अनुरुप सम्झौता गरेपश्चात सो को जानकारी र सेवा प्रदान गरेको विवरण समावेश गरी मन्त्रालयमा प्रतिवेदन गर्नुपर्नेछ। |

| | |
|---|---|
| **सञ्चालन गर्ने निकाय** | स्वास्थ्य निर्देशनालय |

## १७. Obstetric fistula भएका महिलाहरूको निःशुल्क शल्यक्रिया कार्यक्रम

| **शीर्षक** | **विवरण** |
|---|---|
| **खर्च शीर्षक नं.** | २२५२२ |
| **कृयाकलाप कोड** | २.७.२२.१२ |
| **उद्देश्य** | अब्सटेट्रिक फिस्टुलाको समस्या भएका महिलाहरुलाई निःशुल्क उपचारको व्यवस्था गर्ने। |
| **अपेक्षित उपलव्धी** | अब्सटेट्रिक फिस्टुला भएका महिलाहरुले निःशुल्क शल्यक्रिया सेवा प्राप्त गरी प्रजनन् रुग्णता कम हुनेछ। |
| **सञ्चालन प्रक्रिया** | • स्वास्थ्य निर्देशनालयले विनियोजित बजेटको परिधिभित्र रही सेवा प्रदान गर्न सक्ने मेडिकल कलेज, निजि तथा सहकारी अस्पतालसंग प्रचलित नियमानुसार शल्यक्रिया सेवा प्रदान गर्ने सम्झौता गर्नुपर्नेछ। अब्सटेट्रिक फिस्टुला शल्यक्रियाका लागि प्रति केश रु. २५०००/- का दरले ईकाइ मूल्य प्रदान गर्नुपर्नेछस।<br>• सम्झौतापश्चात सेवा प्रदायक अस्पतालका सम्पर्क ब्यक्तिको सम्पर्क नं सहित सो को जानकारी सम्पूर्ण स्वास्थ्य कार्यालय तथा जिल्ला अस्पतालहरुलाई गराउनुपर्नेछ। |
| **प्रतिवेदन प्रणाली** | प्रकृया अनुरुप सम्झौता गरेपश्चात सो को जानकारी र सेवा प्रदान गरेको विवरण समावेश गरी मन्त्रालयमा प्रतिवेदन गर्नुपर्नेछ। |
| **सञ्चालन गर्ने निकाय** | स्वास्थ्य निर्देशनालय |

## १८. Telemedicine कार्यक्रम संचालन तथा विस्तार

| **शीर्षक** | **विवरण** |
|---|---|
| **खर्च शीर्षक नं.** | २२५२२ |
| **कृयाकलाप कोड** | २.७.२२.५९ |
| **उद्देश्य** | Telemedicine सेवाका लागि छनौट भएका हव अस्पतालको समन्वयमा जिल्ला अस्पतालहरुबाट विशेषज्ञ सहितको चिकित्सकीय स्वास्थ्य सेवा प्रदान गर्ने। |
| **अपेक्षित उपलव्धी** | दुर्गम तथा सेवाको पहुँच नपुगेका स्थानहरुमा जिल्ला अस्पतालहरुबाटै विशेषज्ञ सेवा प्राप्त हुने। |

| | |
|---|---|
| **सञ्चालन प्रक्रिया** | • नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरिएको दूर- चिकित्सा सेवा (टेलिमेडिसिन) तथा अनलाइन स्वास्थ्य सेवा कार्यविधि २०७७ अनुसार हव अस्पताल तथा छनौट भएका जिल्ला अस्पतालहरुमा औजार, उपकरण, फर्निचर आदिको व्यवस्थापन गर्नुपर्नेछ।<br>• चालु आ.व. मा संघीय सशर्त अनुदानमार्फत यसै कार्यका लागि प्राप्त बजेट तथा कार्यक्रमको निर्देशिका अनुरुप उद्धेश्यपूर्तिका लागि अपूग बजेट यसै शीर्षकबाट खर्च गर्न सकिनेछ। |
| **प्रतिवेदन प्रणाली** | कार्यक्रमको सम्पूर्ण विवरण सहितको प्रतिवेदन मन्त्रालयमा पेश गर्नुपर्नेछ। |
| **सञ्चालन गर्ने निकाय** | स्वास्थ्य निर्देशनालय |

**१९. Leprosy side effect management को लागि आवश्यक औषधी खरिद**

| **शीर्षक** | **विवरण** |
|---|---|
| **खर्च शीर्षक नं.** | २७२१३ |
| **कृयाकलाप कोड** | ७.२.९.२१ |
| **उद्देश्य** | कुष्ठ रोगबाट ग्रसित भई उपचाररत बिरामीहरुमा देखा पर्ने जटीलता ब्यवस्थापन गर्न औषधी खरिद तथा वितरण गर्ने। |
| **अपेक्षित उपलव्धी** | कुष्ठ रोगबाट ग्रसित भई उपचाररत बिरामीहरुमा देखा पर्ने जटीलता ब्यवस्थापन हुने। |
| **सञ्चालन प्रक्रिया** | • स्वास्थ्य निर्देशनालयले प्रदेशका सवै जिल्लाहरुसँग समन्वय गरी कुष्ठ रोगीहरुको यथार्थ तथ्याङ्क (अस्पतालमा उपचार पाइरहेका समेत)सङ्कलन गर्नुपर्नेछ।<br>• नियमित औषधी सेवन गरिरहेका विरामीहरुको हकमा जटीलता देखा परी थप औषधी आवश्यक पर्ने भए चिकित्सकको प्रेस्क्रिपसनको आधारमा औषधीको लिस्ट तयार गरी बिरामीको सङ्ख्याको अनुपातमा परिमाण निर्धारण गर्नुपर्नेछ।<br>• खरिद प्रकृया सुरु गर्नु अघि Leprosy को उपचारमा संलग्न चिकित्सक, प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रसंग छलफल गरी योजना बनाउनुपर्नेछ। औषधीको स्पेसिफिकेसन तयारी, खरिद पश्चात गुणस्तर यकिन फार्मेसि जनशक्तिबाट गराउनुपर्नेछ।<br>• खरिद पश्चात सम्बन्धित जिल्लाको समन्वयमा बिरामीहरुले प्राप्त गर्ने गरी औषधी ढुवानी गर्नुपर्नेछ। |

| | |
|---|---|
| **प्रतिवेदन प्रणाली** | कार्यक्रम सम्पन्न गरेपश्चात सम्पूर्ण प्रतिवेदन मन्त्रालयमा पेश गर्नुपर्नेछ। |
| **सञ्चालन गर्ने निकाय** | स्वास्थ्य निर्देशनालय |

**२०. विद्यालय नर्सिङ्ग कार्यक्रम- सेवा करार निरन्तरता तलब, समिक्षा,सञ्चालन खर्च, विद्यालय नर्स कार्यक्रम संयोजकको लागि ल्यापटप खरिद, अनुगमन, औजार उपकरण खरिद**

| **शीर्षक** | **विवरण** |
|---|---|
| **खर्च शीर्षक नं.** | २२४१९;२२५२२; २२६११; ३११२२ |
| **कृयाकलाप कोड** | २.५.१०.१९; २.७.२२.१३; २.७.२२.६०; ११.३.२२.२; २.८.१.३; ११.३.९.३ |
| **पृष्ठभूमि** | नेपालको राष्ट्रिय स्वास्थ्य नीति, शिक्षा नीति, बिभिन्न अन्तराष्ट्रिय अभ्यासहरु, अनुसन्धानका नतिजाहरुबाट विद्यालय स्वास्थ्य प्रवर्द्धनका लागि नर्सिङ्ग सेवा कार्यक्रमको अपरिहार्यता पुष्टि भएको छ। प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रम बमोजिम यस प्रदेशका सवै स्थानीय तहहरु समेटेर जम्मा १४५ विद्यालयहरुमा प्रदेश सरकारमार्फत यो कार्यक्रम सञ्चालनमा रहेको छ।<br>यस कार्यक्रम अन्तर्गत बिभिन्न कृयाकलाप गर्न बजेट बिनियोजन गरिएको छ। |
| **उद्देश्य** | विद्यालय तहमा स्वास्थ्य सेवाको पहुँच पुर्याई बालबालिका तथा किशोर किशोरीको समग्र स्वास्थ्य, सरसफाई, मानसिक स्वास्थ्य, पोषण प्रवर्धन, यौन तथा प्रजनन् स्वास्थ्य, सामुदायिक स्वास्थ्य अवस्थामा सुधार गरी विद्यार्थी तथा समुदायको जीवनशैलीमा सकरात्मक परिवर्तनका लागि उत्प्रेरित गर्ने। |
| **अपेक्षित उपलव्धी** | विद्यालय तहमा बालबालिका तथा किशोर किशोरीहरूको समग्र स्वास्थ्य, सरसफाई र पोषण अवस्थामा सकारात्मक परिवर्तन हुनेछ। |
| **सञ्चालन प्रक्रिया** | **१. सेवा करार निरन्तरता तलब**<br>• यस कार्यक्रममा बिनियोजन गरिएको रकम विद्यालय नर्सको करार सम्झौता बमोजिम सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालयले कार्यक्रम लागू भएको बिद्यालयसँग समन्वय गरी भुक्तानी गर्नुपर्नेछ। ।<br>• विद्यालय नर्सहरूलाई करार सम्झौतामा उल्लेख गरे बमोजिम वार्षिक चाडबाड खर्च र पोषाक खर्च सोही शीर्षकबाट दिनुपर्नेछ। |

| | |
|---|---|
| | • कार्यक्रम संयोजकका लागि स्वास्थ्य निर्देशनालयले करार सम्झौता बमोजिम मासिक तलव, भत्ता प्रदान गर्नुपर्नेछ।<br><br>२. **सञ्चालन खर्च**<br>• यस कार्यक्रमको फोकल पर्सनका रुपमा स्वास्थ्य कार्यालयमा कार्यरत पब्लिक हेल्थ नर्स (नर्सिङ्ग कर्मचारी नभएको खण्डमा मात्र अन्य कर्मचारी) तोक्नु पर्नेछ। ।<br>• कार्यविधिको अधीनमा रही वार्षिक रुपमा विद्यालयमा आवश्यक पर्ने औषधी तथा औषधीजन्य सामाग्री स्वास्थ्य कार्यालयसँग भएको मौज्दात तथा स्थानीय तहसँग समेत समन्वय गरी व्यबस्थापन गर्नुपर्नेछ। विद्यालय नर्सलाई दैनिक कार्य सञ्चालनका लागि आवश्यक मसलन्द, स्टेसनरी लगायत आवश्यक सामग्रीको व्यवस्थापन यसै शीर्षकबाट गर्नुपर्नेछ।<br>• सम्बन्धित स्वास्थ्य कार्यालय र विद्यालयले विद्यालय नर्सलाई "बिद्यालय नर्सिङ्ग सेवा कार्यक्रम संचालन कार्यविधि" अनुसारको काम, कर्तव्य, अधिकार र कार्यजिम्मेवारी दिई उपयुक्त वातावरण प्रदान गर्न/गराउन सहजीकरण गर्नुपर्नेछ।<br>• कार्यक्रम संचालन गर्दा सरकारी तथा गैह्र सरकारी संघ संस्था (NGO, INGO) हरूसंग (स्थानीय तह तथा विद्यालय स्तरमा) समन्वय गरी स्वास्थ्यका क्रियाकलापहरू योजना बनाई संचालन गर्न सकिनेछ।<br><br>३. **समिक्षा**<br>• यस शीर्षकमा विनियोजित रकमबाट स्वास्थ्य कार्यालयले जिल्लाभर यो कार्यक्रम लागू भएका विद्यालयका विद्यालय नर्स, प्रधानाध्यापक, सम्बन्धित स्थानीय तहका स्वास्थ्य शाखा प्रमुख, स्वास्थ्य निर्देशनालयमा कार्यरत विद्यालय नर्सिङ्ग कार्यक्रम संयोजकलाई समावेश गरी २ दिने समिक्षा कार्यक्रमको आयोजना गर्नुपर्नेछ।<br>• समिक्षामा छलफल गर्नुपर्ने विषयको टेम्प्लेट अनुसूचिमा उल्लेख गरे अनुरुप हुनुपर्नेछ।<br>• यस शीर्षकमा विनियोजित रकमबाट स्वास्थ्य निर्देशनालयले सवै जिल्लामा यो कार्यक्रमको समिक्षा सम्पन्न गरेपश्चात त्यसको निचोड सहित मन्त्रालयका प्रतिनीधि, स्वास्थ्य कार्यालय प्रमुख, फोकल पर्सन, पहिलो, दोस्रो र तेस्रो चरणमा कार्यक्रम लागू भएका बिद्यालयहरुबाट १/१ जना विद्यालय नर्स सहभागी गराई २ दिने समिक्षा कार्यक्रम आयोजना गर्नुपर्नेछ। |

| | |
|---|---|
| | • समिक्षा आयोजना गर्दा स्वास्थ्य निर्देशनालयमा कार्यरत विद्यालय नर्सिङ्ग कार्यक्रम संयोजकलाई प्रत्यक्ष संलग्न गराई यस कार्यक्रमको हाल सम्मको उपलब्धी र आगामी कार्यदिशाबारे दिशानिर्देश गर्ने दस्तावेज निर्देशनालयले तयार गर्नुपर्नेछ।<br>• जिल्लाले आयोजना गर्ने समिक्षा भाद्र मसान्त भित्र र निर्देशनालयले आयोजना गर्ने समिक्षा सवै जिल्लाको समिक्षा सम्पन्न भएको सिनिश्चित गरी मंसिर मसान्त भित्र अनिवार्य सम्पन्न गर्नुपर्नेछ।<br>**४. विद्यालय नर्सिङ्ग कार्यक्रम संयोजकको लागि ल्यापटप खरिद ,औजार उपकरण खरिद**<br>• स्वास्थ्य निर्देशनालयले तहाँ कार्यरत कार्यक्रम संयोजकलाई रिपोर्टिङ्गग लगायत अन्य डकुमेन्टेसेन गर्ने प्रयोजनका लागि न्यूनतम i5 processing भएको Screen size 14" भन्दा कमको १ थान ल्यापटप खरिद गर्नुपर्नेछ।<br>• स्वास्थ्य मन्त्रालयमा औजार, उपकरण खरिद शीर्षकमा बिनियोजित रकमबाट कार्यक्रम लागू भएका विद्यालयमा विद्यालय नर्सिङ्ग सेवा कार्यक्रम सञ्चालन कार्यविधीमा उल्लेख गरेको ब्यवस्था बमोजिम ल्यापटप, प्रिन्टर लगायतका औजार, उपकरण प्राप्त गर्न बाँकी विद्यालय नर्सहरुका लागि निर्देशनालयमार्फत तथ्याङ्क संकलन गरी आवश्यक औजार, उपकरण खरिद गरी विद्यालयलाई हस्तान्तरण गर्नुपर्नेछ।<br>**५. अनुगमन**<br>• स्वास्थ्य निर्देशनालयले कार्यक्रम संयोजकको संलग्नतामा कार्ययोजना बनाई प्रदेशभर कार्यक्रम लागू भएका विद्यालयहरुको स्थलगत अनुगमन गरी कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्न सहजीकरण गर्नुपर्नेछ।<br>• अनुगमनका क्रममा देखा परेका चुनौति, समाधानका उपायहरु, कार्यक्रमको सवल पक्षसहित यथार्थ अवस्थाबारे विस्तृत प्रतिवेदन मन्त्रालयलाई पेश गर्नुपर्नेछ।<br>• अनुगमन टोलीले समय-समयमा विद्यालयहरु वीच समन्वय गर्ने, स्वास्थ्य कार्यालय र स्थानीय तहहरुसँग आवश्यकता अनुसार समन्वय गर्ने वातावरणको सिर्जना गर्न सहजीकरण गर्नुपर्नेछ।<br>स्वास्थ्य कार्यालयले आपतकालीन अवस्थामा सम्बन्धित विद्यालय र स्वास्थ्य निर्देशनालयसँग समन्वय गरी विद्यालय नर्सलाई खटाउन सक्नेछ।<br>कार्यक्रमसँग सम्बन्धित अन्य क्रियाकलापहरु "विद्यालय नर्सिङ्ग सेवा कार्यक्रम संचालन कार्यविधि " वमोजिम गर्नुपर्नेछ। |

| | |
|---|---|
| **प्रतिवेदन प्रणाली** | विद्यालयले विद्यालय नर्स मार्फत प्रदान गरिएको सेवा तथा क्रियाकलापहरु मासिक रुपमा google spreadsheet अनलाइन भरेर र सोको hardcopy स्वास्थ्य कार्यालयमा र स्थानीय तहमा पठाउनुपर्नेछ।<br>स्वास्थ्य कार्यालयले सोको त्रैमासिक प्रतिवेदन विद्यालय नर्सिङ्ग कार्यक्रम संयोजक मार्फत स्वास्थ्य निर्देशनालयमा गर्नुपर्नेछ।<br>समिक्षा पश्चात सो को विस्तृत प्रतिवेदन मन्त्रालयमा गर्नुपर्नेछ। |
| **सञ्चालन गर्ने निकाय** | स्वास्थ्य कार्यालय, स्वास्थ्य निर्देशनालय, स्वास्थ्य मन्त्रालय। |

## २१. जनस्वास्थ्य अधिकृत करार

| **शीर्षक** | **विवरण** |
|---|---|
| **खर्च शीर्षक नं.** | २२४१९ |
| **कृयाकलाप कोड** | २.५.१०.२८ |
| **उद्देश्य** | स्वीकृत दरबन्दी संरचना अनुसार रिक्त रहेको जनस्वास्थ्य अधिकृत पदमा पदपूर्ति गर्ने। |
| **अपेक्षित उपलव्धी** | जनस्वास्थ्य अधिकृत करार भइ कार्यालयको सेवा प्रवाह र स्वास्थ्यका कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयन हुने। |
| **सञ्चालन प्रक्रिया** | • विनियोजित बजेटको परिधि भित्र रही प्रदेश स्वास्थ्य कर्मचारी करार कार्यविधि बमोजिम जनस्वास्थ्य अधिकृत करार सेवामा लिनुपर्नेछ ।<br>• अघिल्ला आ.व. मा प्रदेश स्वास्थ्य कर्मचारी कार्यविधि अनुसार यसै शीर्षकमा करार नियुक्ति भई कार्यरत रहेको र करार म्याद थप गर्नु पर्ने जनस्वास्थ्य अधिकृतको हकमा स्वास्थ्य कार्यालयले सम्बन्धित निकायसँग स्वीकृति लिई करार थप गर्न सक्नेछ । तर अन्य प्रकृतिका करारलाई करार म्याद थप गरी यस शीर्षकबाट तलब भत्ताको व्यवस्था गर्न पाईनेछैन। |
| **प्रतिवेदन प्रणाली** | करार प्रकृया सम्पन्न गरेपश्चात सो को जानकारी स्वास्थ्य निर्देशनालय र मन्त्रालयमा गर्नुपर्नेछ। |
| **सञ्चालन गर्ने निकाय** | स्वास्थ्य कार्यालय मोरङ्ग, सुनसरी, पाँचथर, ताप्लेजुङ्ग, भोजपूर, खोटाङ्ग, ओखलढुङ्गा, तेह्रथुम, सोलुखुम्बु, धनकुटा, स्वास्थ्य मन्त्रालय। |

## २२. प्रादेशिक एम्बुलेन्स तथा पूर्व अस्पताल व्यवस्थापन समिति बैठक भत्ता

| शीर्षक | विवरण |
|---|---|
| खर्च शीर्षक नं. | २११३४ |
| कृयाकलाप कोड | १.२.४.२ |
| उद्देश्य | राष्ट्रिय एम्बुलेन्स निर्देशिका, २०७८ बमोजिम गठित जिल्ला एम्बुलेन्स समितिहरूको नियमित बैठक बस्ने। |
| अपेक्षित उपलव्धी | जिल्लामा रहेका एम्बुलेन्सहरूको गुणस्तर नियमन तथा सेवा सञ्चालन प्रकृयामा आवश्यक सहजीकरण हुनेछ। |
| सञ्चालन प्रक्रिया | • राष्ट्रिय एम्बुलेन्स निर्देशिका, २०७८ मा रहेको व्यवस्था बमोजिम गठीत जिल्ला एम्बुलेन्स व्यवस्थापन समितिको बैठक कम्तीमा पनि मासिक रूपमा बस्नुपर्नेछ।<br>• सो समितिले उक्त निर्देशिकाको दफा (११) उपदफा (२) बमोजिमका कार्य गर्नुपर्नेछ।<br>• एम्बुलेन्स खरिद तथा सेवा सञ्चालन गर्ने अनुमतिको सिफारिस पनि सोही समितिले प्रदेश मन्त्रालयमा गर्नुपर्नेछ।<br>• आवश्यकता अनुसार अनुगमन, बैठक भत्ता र सो संग सम्बन्धित अन्य खर्च यसै शीर्षकबाट व्यवस्थापन गर्न सकिनेछ। |
| प्रतिवेदन प्रणाली | स्वास्थ्य कार्यालयले यस कृयाकलापको त्रैमासिक प्रतिवेदन स्वास्थ्य निर्देशनालय र मन्त्रालयमा पठाउनुपर्नेछ। |
| सञ्चालन गर्ने निकाय | स्वास्थ्य कार्यालयहरू |

## २३. एक पालिका एक महिला स्वास्थ्य स्वयंसेविका सम्मान कार्यक्रम

| शीर्षक | विवरण |
|---|---|
| खर्च शीर्षक नं. | २२५२२ |
| कृयाकलाप कोड | २.७.२२.१० |
| उद्देश्य | महिला स्वास्थ्य स्वयंसेविकाहरूले स्वास्थ्य क्षेत्रमा पुर्याएको अमुल्य योगदान कदर गर्दै सम्मान गर्ने। |

| | |
|---|---|
| **अपेक्षित उपलव्धी** | महिला स्वास्थ्य स्वयंसेविकाहरुको मनोबल बढ्नेछ। |
| **सञ्चालन प्रक्रिया** | • स्वास्थ्य कार्यालयले स्थानिय तहको सिफारिसमा उत्कृष्ट एक जना (हरेक स्थानीय तह बाट एक जना हुने गरी) महिला स्वास्थ्य स्वयंसेविका छनौट गर्नुपर्नेछ।<br>• सिफारिस भई छनौट भएका महिला स्वास्थ्य स्वयंसेविकालाई विनियोजित बजेटको परिधिभित्र रही वर्षमा एक पटक एक जना बराबर एकमुस्ट नगद रु. १२००० प्रदान गर्नुपर्नेछ। प्रमाण पत्र, दोसल्ला लगायत अन्य व्यवस्थापकीय कार्यका लागि रु. ३००० मा नबढ्ने गरी खर्च गर्नुपर्नेछ। |
| **प्रतिवेदन प्रणाली** | स्वास्थ्य कार्यलयहरूले प्रत्येक वर्ष सम्मान गरिएका महिला स्वास्थ्य स्वयंसेविकाको विवरण अध्यावधिक गरी सो को प्रतिबेदन स्वास्थ्य निर्देशनालय र मन्त्रालयमा गर्नुपर्नेछ। |
| **सञ्चालन गर्ने निकाय** | स्वास्थ्य कार्यलय। |

## २४. कार्यक्रमको नामः HMIS/LMIS सेवा सुदृढिकरणका लागी कम्प्युटर सहायक करार

| उपशीर्षक | विवरण |
|---|---|
| **खर्च शीर्षक नं.** | २२४१९ |
| **कृयाकलाप कोड** | २.५.१०.७ |
| **उद्देश्य** | स्वास्थ्य कार्यालयको HMIS/LMIS सेवा व्यबस्थित गरी स्थानीय तहको DHIS-ll Entry गर्न सहजिकरण गर्ने। |
| **अपेक्षित उपलब्धी** | स्वास्थ्य समबन्धि आवश्यक तथ्यांक चुस्तदुरुस्त राख्न सहजिकरण हुनेछ। |
| **सञ्चालन प्रक्रिया** | १. HMIS/LMIS सेवाका लागि कम्प्युटर सहायक प्रचलित ऐन, नियमावलि तथा निर्देशिका बमोजिम कम्प्युटर सञ्चालन कार्यमा दक्ष व्यक्तिलाई करार गर्नुपर्नेछ।<br>२. करार गरिएका ब्यक्तिलाई तथ्यांक हेर्ने जिम्मेवारी पाएका कर्मचारिसँग समन्वय गरी जिल्लाभित्रका HMIS/LMIS सेवा व्यबस्थित गरी सबै स्थानीय तहको DHIS-ll मा Entry गर्न सहजिकरण गर्ने कार्यमा सहभागि गराउनुपर्नेछ। HMIS/LMIS को डाटा लिंक गरी प्रतिबेदन तयार गर्नुपर्नेछ |
| **प्रतिवेदन प्रणाली** | कारार गरे पश्चात सो को प्रतिबेदन स्वास्थ्य मन्त्रालयलाई पठाउनुपर्नेछ। |
| **सञ्चालन गर्ने निकाय** | स्वास्थ्य कार्यलय झापा, मोरङ्ग, सुनसरी, प्रदेश स्वास्थ्य आपूर्ति ब्यवस्थापन केन्द्र। |

## २५. कर्मचारी करार परीक्षा संचालन

| उपशीर्षक | विवरण |
|---|---|
| **खर्च शीर्षक नं.** | २२५२२ |
| **कृयाकलाप कोड** | २.७.१०.१ |
| **उद्देश्य** | गुणस्तरीय र प्रभावकारी स्वास्थ्य सेवा प्रवाहका लागि स्वास्थ्यकर्मी तथा चिकित्सक करार गर्ने। |
| **अपेक्षित उपलब्धी** | चालु आ.व. मा बजेट बिनियोजन गरे अनुरुप बिभिन्न निकायहरुमा रिक्त दरबन्दी तथा विशेष कार्यक्रम सञ्चालनका लागि करार गर्नुपर्ने स्वास्थ्यकर्मी तथा चिकित्सक करार गरी गुणस्तरीय र प्रभावकारी स्वास्थ्य सेवा प्रवाहमा सहजिकरण हुनेछ। |
| **सञ्चालन प्रक्रिया** | १. प्रदेश सरकारको प्रचलित स्वास्थ्यकर्मी करार कार्यबिधि, र "विद्यालय नर्सिङ्ग सेवा कार्यक्रम सञ्चालन कार्यबिधिमा भएको व्यवस्था अनुरुप स्वास्थ्य निर्देशनालयले करार प्रकृया मार्फत पदपूर्ती गर्नुपर्ने जनशक्तिलाई सेवा करारमा लिनुपर्नेछ।<br>२. सेवा करारमा लिने पदहरुको बिज्ञापन गर्ने, परीक्षा संचालन खर्च लगायत नतिजा प्रकाशन गर्दा सम्म लाग्ने सम्पूर्ण खर्च लोकसेवाले सञ्चालन गर्ने निर्देशिका बमोजिम गर्नुपर्नेछ।<br>३. विद्यालय नर्सिङ्ग कार्यक्रमको हकमा सो कार्यक्रमको कार्यविधीमा भएको व्यवस्था अनुरुप कार्यक्रम लागू भई हाल विद्यालय नर्स पद रिक्त रहेका विद्यालयहरुको विवरण तयार गरी आवश्यक प्रकृया सम्पन्न गर्नुपर्नेछ। अन्तिम नतिजा प्रकाशन गर्दा एक आ.व. मा अन्य कुनै विद्यालयमा पद रिक्त भएमा merit को आधारमा क्रमश नियुक्ति गर्ने गरी छनौट प्रकृयाका सम्पूर्ण चरणहरु उत्तीर्ण गरेका आवेदकहरुको नाम waiting list मा प्रकाशन गर्नुपर्नेछ।<br>४. रिक्त विद्यालय नर्सको करार प्रकृया भाद्र महिनामा सुरु गरी सो महिनाको अन्त्यमा अनिवार्य कार्य क्षेत्रसम्म पुग्ने गरी नियुक्ति दिनुपर्नेछ। |
| **प्रतिवेदन प्रणाली** | करार गरे पश्चात सो को प्रतिबेदन स्वास्थ्य मन्त्रालयलाई पठाउनुपर्नेछ। |
| **सञ्चालन गर्ने निकाय** | स्वास्थ्य निर्देशनालय। |

## २६. गर्भवती तथा सुत्केरी महिलाका लागि निःशुल्क एम्वुलेन्स सेवा कार्यक्रम

| उपशीर्षक | विवरण |
|---|---|
| **पृष्ठभूमि** | दिगो विकास लक्ष्य अनुरुप नेपालले मातृ मृत्यु दर र नवजात शिशु मृत्यु दर कम गर्न अझ धेरै क्षेत्रहरुमा कार्य गर्न आवश्यक छ। बिभिन्न कारणहरुले गर्दा समयमै स्वास्थ्य संस्था नपुग्नाले अझै पनि थुप्रै गर्भवती महिलाहरुले जटीलता को सामना गर्नुका साथै मृत्युवरण समेत गर्नु परिरहेको छ। यस्ता कारणहरुलाई न्यूनिकरण गर्दै स्वस्थ तथा सुरक्षित प्रसूति सेवा प्रदान गर्न यो शीर्षकमा बजेट बिनियोजन गरिएको हो। |
| **खर्च शीर्षक नं.** | २२५२२ |
| **कृयाकलाप कोड** | २.५.११.२ |
| **उद्देश्य** | गर्भवती तथा सुत्केरी हुने अवस्थाका महिलाहरुलाई समयमै स्वास्थ्य संस्थासम्म पुर्याउने। |
| **अपेक्षित उपलब्धी** | गुणस्तरीय स्वास्थ्य सेवाका लागि समयमै स्वास्थ्य संस्था पुर्याई मातृ तथा नवजात शिशु मृत्युदर घटाउने। |
| **सञ्चालन प्रक्रिया** | • गर्भवती, सुत्केरी तथा सो सम्बन्धी जटीलताको उपचार गर्नका लागि गर्भवती महिलाले स्वास्थ्य संस्थासम्म जान प्रयोग गरेको एम्बुलेन्सको भाडा बापतको रकम जिल्लामा प्रचलित भाडा दर बमोजिम सेवा प्रदान गरेको एम्बुलेन्सलाई उपलब्ध गराउनुपर्नेछ।<br>• सो सम्बन्धी प्रकृयागत सहजीकरण सम्बन्धित जिल्ला एम्बुलेन्स व्यवस्थापन समितिको निर्णय बमोजिम हुनेछ।<br>• यस कार्यक्रमको फोकल पर्सनका रुपमा पब्लिक हेल्थ नर्सलाई तोक्नुपर्नेछ। |
| **प्रतिवेदन प्रणाली** | कार्यक्रमबाट लाभान्वितको विवरण सहित त्रैमासिक प्रतिबेदन स्वास्थ्य निर्देशनालय र मन्त्रालयमा पठाउनुपर्नेछ। |
| **सञ्चालन गर्ने निकाय** | स्वास्थ्य कार्यलय। |

## २७. अपाङ्गतामैत्री शौचालय निर्माण

| उपशीर्षक | विवरण |
|---|---|
| **खर्च शीर्षक नं.** | ३१११२ |
| **कृयाकलाप कोड** | ११.१.२.४ |
| **उद्देश्य** | स्वास्थ्य कार्यालयहरूमा अपाङ्गतामैत्री शौचालय निर्माण गर्ने । |
| **अपेक्षित उपलब्धी** | स्वास्थ्य कार्यालयमा अपाङ्गता भएका व्यक्तिहरूको शौचालयमा सहज पहुँच हुनेछ। |

| | |
|---|---|
| **सञ्चालन प्रक्रिया** | १. बजेट विनियोजन भएका स्वास्थ्य कार्यालयले कार्यालय परिसरमा एक वटा अपाङ्गमैत्री शौचालय निर्माण गर्नुपर्नेछ।<br>२. शौचालय निर्माण गर्दा निम्न लिखित कुरामा ध्यान दिनुपर्नेछ -<br>• शौचालयमा जान आउन प्रयोग हुने सजिलो बाटो<br>• सेवा ग्राहीको सजिलै पहुँच हुने स्थान<br>• बिजुली बत्ती तथा प्रकाश व्यवस्था र क्रस भेन्टिलेशन भएको<br>• शौचालय भित्र ह्वील चेयर घुम्न मिल्ने ठाउँ तथा अन्य प्रयोगकर्तामैत्री सुविधा<br>• उठ्न बस्न सजिलो हुने खालको व्यवस्था<br>३. निर्माण कार्य गर्नु अघि राष्ट्रिय अपांग महासंघ नेपालको जिल्लास्थित निकायसंग समन्वय गरी यस सम्बन्धमा थप छलफल गर्नुपर्नेछ।<br>४. शौचालय निर्माण प्रक्रिया सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार गर्नुपर्नेछ र सोको अनुगमन मन्त्रालय र स्वास्थ्य निर्देशनालयले गर्नुपर्नेछ। |
| **प्रतिवेदन प्रणाली** | शौचालय निर्माण शुरू र सम्पन्न भएको जानकारी सम्बन्धित स्वास्थ्य कार्यालयले अनिवार्य स्वास्थ्य निर्देशनालय र स्वास्थ्य मन्त्रालयलाई गर्नुपर्नेछ । |
| **सञ्चालन गर्ने निकाय** | स्वास्थ्य कार्यलय झापा, सुनसरी, उदयपूर। |

## २८. हाइड्रोसिल बिरामीहरुका लागि निःशुल्क शल्यक्रिया

| **उपशीर्षक** | **विवरण** |
|---|---|
| **खर्च शीर्षक नं.** | २२५२२ |
| **कृयाकलाप कोड** | २.७.२२.४० |
| **उद्देश्य** | हाइड्रोसिल भएका बिरामीहरुलाई निःशुल्क शल्यक्रिया सेवा प्रदान गर्ने। |
| **अपेक्षित उपलब्धी** | हात्तीपाईले रोग निवारण कार्यक्रमको राष्ट्रिय रणनीति वमोजिम शन् २०३० सम्म हात्तीपाईले रोगका कारण भएका रुग्णता दरलाई घटाउँदै जाने लक्ष्य बमोजिम हाइड्रोसिल भएका बिरामीहरुलाई निःशुल्क शल्यक्रिया सेवा प्रदान गरी स्वस्थ जीवन यापनका लागि सहयोग पुग्ने। |
| **सञ्चालन प्रक्रिया** | • यस शीर्षकमा विनियोजित बजेटबाट स्वास्थ्य कार्यालयले स्थानीय तहसंग समन्वय गरी हात्तीपाईले रोगको प्रकोप बढी भएको स्थान छनौट गरी एक पटक शिविर सञ्चालन गर्नुपर्नेछ। शिविरमा हाइड्रोसिलका रोगी पहिचान गरी थप उपचार तथा शल्यक्रियाका |

| | |
|---|---|
| | लागि निःशुल्क सेवा प्रदान गर्न सम्झौता भएका अस्पतालमा प्रेषण गर्ने व्यवस्था गर्नुपर्नेछ। <br>• स्वास्थ्य कार्यालयले विनियोजित बजेटको परिधिभित्र रही सेवा प्रदान गर्न सक्ने नीजि तथा सहकारी अस्पताल, मेडिकल कलेजसंग प्रचलित नियमानुसार शल्यक्रिया सेवा प्रदान गर्ने सम्झौता गर्नुपर्नेछ। <br>• हाइड्रोसिल शल्यक्रियाको स्थानीय रूपमा प्रचार प्रसारका लागि (निःशुल्क सेवा, सेवा प्रदायक अस्पताल, शल्यक्रियको फाइदा आदि लगायत) प्रचलित ऐन तथा नियम अनुसार स्थानीय एफ.एम. रेडियोहरूमा सूचना प्रशारण, ब्यानर तथा अन्य सन्देश सामाग्री तयार गर्नका लागि खर्च गर्न सकिनेछ। यस कार्यका लागि बढीमा रु. पचास हजार (रु. ५००००।-) सम्म खर्च गर्न सकिनेछ। <br>• शल्यक्रिया सेवा बापत सम्झौता गरेका अस्पताललाई प्रतिकेश रु. सात हजार (रु. ७,०००।-) का दरले शोधभर्ना रकम उपलब्ध गराउनुपर्नेछ। प्रति केश छुट्याइएको रकमबाट रु. चार हजार (रु. ४०००।-) बिरामीको अपरेशन कार्यका लागि आवश्यक औषधि, परीक्षण तथा औषधिजन्य सामाग्री (लठ्याउने औषधि, एन्टीबायोटिक, एन्टीसेप्टिक, सुचर सामाग्री, कटन, गज, ब्लेड, गाउन आदि) मा खर्च गर्न सकिनेछ । अपरेशन गरेका बिरामीलाई कुनै जटिलता परेमा यही बाँडफाँडको परिधि भित्र रही व्यवस्थापन गर्नुपर्नेछ । बाँकी रु. तीन हजार (रु. ३,०००।-) अपरेशन कार्यका लागि प्रत्यक्ष रूपमा संलग्न हुने कर्मचारीका लागि प्रोत्साहनका रूपमा खर्च गर्न सकिनेछ । |
| **प्रतिवेदन प्रणाली** | कार्यक्रम सञ्चालन गरे पश्चात शिविरमा सेवा प्राप्त गरेका लाभग्राहीको विवरण तथा अस्पताल सेवाका बारे विस्तृत प्रतिवेदन स्वास्थ्य मन्त्रालयमा पठाउनुपर्नेछ। |
| **सञ्चालन गर्ने निकाय** | स्वास्थ्य कार्यालय मोरङ्ग। |

## २९. फुलवारी तथा बगैचा निर्माण

| शीर्षक | विवरण |
|---|---|
| **खर्च शीर्षक नं.** | २२२३१ |
| **कृयाकलाप कोड** | २.३.१३.१ |
| **उद्देश्य** | तालिम केन्द्र परिसरको वातावरण स्वच्छ तथा रमणीय हुने । |

| | |
|---|---|
| **अपेक्षित उपलव्धी** | कर्मचारीमा सिर्जनशीलताको विकास तथा स्वच्छ कार्यस्थलमा काम गर्दा सन्तुष्टी प्राप्त हुने। |
| **सञ्चालन प्रक्रिया** | • प्रचलित सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रदेश सरकार, प्रदेश नं १को आर्थिक कार्यविधि ऐन बमोजिम तालिम केन्द्रले प्रथिकताको आधारमा कार्ययोजना बनाई बर्षभरि नै व्यवस्थित रहने गरी बगैचा निर्माण तथा बगैचामा फूल रोप्ने, गोडमेल गर्ने, घास काट्ने लगायत कार्यमा खर्च गर्न सकिनेछ । |
| **प्रतिवेदन प्रणाली** | बगैचा निर्माण गर्दा निर्माण अघि र पछिको कलर फोटो अभिलेख राखी मन्त्रालयमा प्रतिबेदन गर्नुपर्नेछ । |
| **सञ्चालन गर्ने निकाय** | प्रदेश स्वास्थ्य तालिम केन्द्र, धनकुटा । |

## ३०. तालिमहल सुदृढीकरण

| शीर्षक | विवरण |
|---|---|
| **खर्च शीर्षक नं.** | २२२३१ |
| **कृयाकलाप कोड** | २.३.९.२ |
| **पृष्ठभूमि** | स्वास्थ्य तालिम केन्द्रले प्रदेश भित्रका स्वास्थ्यकर्मीहरुलाई गुणस्तरीय तालिम दिने मुख्य जिम्मेवारी रहेको छ । सोहि सन्दर्भमा हललाई थप सुदृढ गर्ने उदेश्यले हाल रहेको तालिम हलहरु लाई पुनःर्निर्माण तथा सुदृढि गरी तालिम केन्द्रले विराटनगरमा हुने तालिमहरु घटाई धनकुटा बाटै संचालन गर्नुपर्ने देखिन्छ । त्यस्ता किसिमको तालिम संचालनको निम्ति पूर्वाधार निर्माण प्रयोजनार्थ यस कार्यक्रमले भूमिका खेल्नेछ । |
| **उद्देश्य** | व्यवस्थित तालिम हल निर्माण हुने । |
| **अपेक्षित उपलव्धी** | तालिम संचालन भई सेवामा सहजता भई प्रशासनिक खर्चमा कटौती हुनेछ । |
| **सञ्चालन प्रक्रिया** | • प्रचलित सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रदेश सरकार, प्रदेश नं १को आर्थिक कार्यविधि ऐन बमोजिम तालिम केन्द्रले प्रथिकताको आधारमा कार्ययोजना बनाई तालिम हलको पुनःर्निर्माण तथा सुदृढिकरण गर्नुपर्नेछ। |
| **प्रतिवेदन प्रणाली** | तालिम हल सुदृढिकरण गर्नु अघि र पछिको कलर फोटो अभिलेख राखी मन्त्रालयमा प्रतिबेदन गर्नुपर्नेछ । । |
| **सञ्चालन गर्ने निकाय** | प्रदेश स्वास्थ्य तालिम केन्द्र, धनकुटा । |

## ३१. पानी ट्याङकी खरिद तथा जडान

| शीर्षक | विवरण |
|---|---|
| **खर्च शीर्षक नं.** | २२३१९ |
| **कृयाकलाप कोड** | २.४.१५.१ |
| **उद्देश्य** | खाने पानीको पहुँच बढ्ने । |
| **अपेक्षित उपलव्धी** | खानेपानीको सहज उपलब्धता हुनेछ । |
| **सञ्चालन प्रक्रिया** | • प्रचलित सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रदेश सरकार, प्रदेश नं १को आर्थिक कार्यविधि ऐन बमोजिम तालिम केन्द्र र प्रदेश स्वास्थ्य निर्देशनालयले कम्तिमा १० हजार लिटरको टयांकी खरिद गरी कार्यालय भवनमा जडान गर्नुपर्ने छ । |
| **प्रतिवेदन प्रणाली** | जडान पश्चात मन्त्रालयमामा प्रतिवेदन पठाउनुपर्नेछ । |
| **सञ्चालन गर्ने निकाय** | प्रदेश स्वास्थ्य तालिम केन्द्र, धनकुटा , प्रदेश स्वास्थ्य निर्देशनालय धनकुटा । |

## ३२. पाठेघरको मुखको क्यान्सर पहिचान तथा उपचारका लागि Thermo coagulator तालिम

| शीर्षक | विवरण |
|---|---|
| **खर्च शीर्षक नं.** | २२५२२ |
| **कृयाकलाप कोड** | २.७.२२.४३ |
| **पृष्ठभूमि** | नेपालमा वर्षेनी क्यान्सर रोगीको संख्या बढ्दै गइरहेको छ । मुख्यतया महिलाहरुमा देखिने पाठेघरको क्यान्सरले गर्दा वर्षेनी महिलाहरुले ज्यान गुमाउनु पर्ने अवस्थामा जिल्ला अस्पतालहरु बाट नै यस किसिमको सेवा सुचारु गर्न सके कोसेढुंगा साबित हुनेछ । हाल मेसिन र दक्ष जनशक्ति रहेको अस्पतालमा पहिला सेवा सुचारु गर्नु र जहाँ मेसिन मात्र छन् त्यहाँको जनशक्तिलाई तालिम दिनु आवश्यकता रहेको छ । |
| **उद्देश्य** | प्रदेश भित्रका स्वास्थ्य संस्थाबाट समयमा नै पाठेघरको मुखको क्यान्सरको पहिचान र उपचार गर्न चिकित्सक तथा नर्सिङ्ग स्टाफहरुको क्षमता अभिबृद्धि गर्ने । |
| **अपेक्षित उपलव्धी** | समयमा नै पाठेघरको मुखको क्यान्सरको पहिचान र उपचार गर्न सेवा प्रदायकको ज्ञान, सीप र क्षमता विकास भई गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह हुने । |
| | • प्रचलित सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रदेश सरकार, प्रदेश नं १को आर्थिक कार्यविधि ऐन बमोजिम तालिम केन्द्रले तालिम संचालन गर्नुपर्नेछ। |

| | |
|---|---|
| **सञ्चालन प्रक्रिया** | • स्वास्थ्य निर्देशनालय संग आवश्यक समन्वय गरेर साबिकमा Thermo coagulator मेसिन भएको अस्पताल तर तालिम प्राप्त जनशक्ति नभएको खण्डमा पहोलो प्राथमिकतामा राखी तालिम संचालन गर्नुपर्ने छ ।<br>• नयाँ अस्पतालको हकमा पहिला मेसिन भएको सुनिश्चितता गर्ने त्यसपछि मात्र तालिम संचालन गर्ने ।<br>• तालिम संचालन पश्चात सोको नामावली गूगल ड्राईभमा राख्ने । |
| **सञ्चालन गर्ने निकाय** | प्रदेश स्वास्थ्य तालिम केन्द्र, धनकुटा , प्रदेश स्वास्थ्य निर्देशनालय धनकुटा । |

## ३३. एकिकृत प्रजनन स्वास्थ्य प्याकेज तालिम

| | |
|---|---|
| **पृष्ठभूमि** | हाल संचालनमा रहेको VIA, ,POP रिंग पेशरी लगातार टुक्रे तालिम संचालन भई रहेको छ । स साना टुक्रे तालिमले दिनानुदिन खर्च बढ्दै जाने तर कार्यप्रकृति उस्ता उस्तै रहेको हुनाले बिषय वस्तु मिल्ने तालिमहरुलाई एकिकृत गरि एउटा तालिमको प्याकेज निर्माण गरि उक्त प्याकेजको नाम एकिकृत प्रजनन स्वास्थ्य प्याकेज तालिम बनाई संचालन गर्नु आवश्यक देखिन्छ । |
| **खर्च शीर्षक नं.** | २२५२२ |
| **कृयाकलाप कोड** | २.७.२२.४४ |
| **उद्देश्य** | प्रदेश भित्रका स्वास्थ्य संस्थाबाट एकिकृत प्रजनन स्वास्थ्य सम्बन्धि तालिम दिने । |
| **अपेक्षित उपलब्धी** | महिनामा प्रजनन स्वास्थ्य सम्बन्धि समस्याको न्यूनीकरण हुने । |
| **सञ्चालन प्रक्रिया** | • प्रचलित सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रदेश सरकार, प्रदेश नं १को आर्थिक कार्यविधि ऐन बमोजिम तालिम केन्द्रले तालिम संचालन गर्नुपर्नेछ।<br>• यस कार्यक्रमको पहिलो चरणमा तालिमको प्याकेज निर्माण गर्नुपर्ने छ ।<br>• प्याकेज निर्माण गर्दा अधिकतम तिन लाख सम्म खर्च गर्न सकिनेछ ।<br>• यस प्याकेज को मस्यौदा तालिम केन्द्रले तयार पर्नुपर्ने छ ।<br>• प्याकेज निर्माण गर्दा स्वास्थ्य निर्देशनालय, स्वास्थ्य मन्त्रालय, र स्त्री तथा प्रसुती रोग सम्बन्धि विज्ञ, जनस्वास्थ्य सम्बन्धि विज्ञ, नरसिंग अधिकृत, लगायत सम्बन्धित क्षेत्रको विज्ञ बोलाई आवश्यक छलफल तथा परामर्श गरी अन्तिम स्वीकृतिको लागि मन्त्रालयमा पठाउनुपर्ने छ । |

| | |
|---|---|
| | • यस प्याकेजमा VIA, POP रिंग पेशरी लगायत अन्य प्रजनन स्वास्थ्य सम्बन्धी विषय वस्तु मिल्दो तालिमहरु एकिकृत गर्नु सकिनेछ ।<br>• दोश्रो चरणमा एकिकृत प्रजनन स्वास्थ्य सम्बन्धी तालिम संचालन गर्नुपर्ने छ<br>• यो तालिम मर्ज गर्नु अगाडी यस प्याकेजमा समावेस भएका तालिम नलिएका हरुलाई मात्र यो तालिम दिनुपर्ने छ । |
| **सञ्चालन गर्ने निकाय** | प्रदेश स्वास्थ्य तालिम केन्द्र, धनकुटा , प्रदेश स्वास्थ्य निर्देशनालय धनकुटा । |

## ३४. **Critical Care तालिम**

| | |
|---|---|
| **पृष्ठभूमि** | कोभिड-१९ लगायत महामारीमा क्रिटिकल केयर तालिमले महत्वपूर्ण भूमिका खेल्छ । हाल संचालनमा रहेको कोशी अस्पताल कोभिड १९ उपचार केन्द्र, मातहतका विभिन्न अस्पतालहरुमा ICU भएता पनि दक्ष जनशक्तिको अभावले गर्दा अस्पतालका ICU हरु संचालनमा आएको छैन । उक्त अस्पतालहरुको ICU संचालनार्थ प्रयोजनका लागि यो बजेट विनियोजन गरेको हो । यस कार्यक्रमले मातहतका अस्पतालहरुमा ICU संचालनका लागि नर्सिंग तथा अन्य कर्मचारीहरुलाई तालिम दिन सहयोग पुग्नेछ । |
| **खर्च शीर्षक नं.** | २२५२२ |
| **कृयाकलाप कोड** | २.७.२२.४५ |
| **उद्देश्य** | स्वास्थ्यकर्मीहरुलाई क्रिटिकल केयर (ICU) सम्बन्धि ज्ञान, सिप र क्षमता अभिबृद्दि गराई प्रदेशमातहतका अस्पतालबाट गुणस्तरीय ICU सेवा सञ्चालन गर्ने। । |
| **अपेक्षित उपलव्धी** | प्रदेशका अस्पतालमा गुणस्तरीय ICU सेवा सञ्चालन गर्न स्वास्थ्यकर्मीमा क्रिटिकल केयर (ICU) सम्बन्धि ज्ञान, सिप र क्षमता अभिवृद्धि हुनेछ। |
| **सञ्चालन प्रक्रिया** | • प्रचलित सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रदेश सरकार, प्रदेश नं १को आर्थिक कार्यविधि ऐन बमोजिम तालिम केन्द्रले तालिम संचालन गर्नुपर्नेछ।<br>• यस अन्तर्गत तालिम दिदा मातहतका अस्पतालहरुलाई प्राथमिकतामा राख्नुपर्ने छ<br>• तालिम संचालन गर्दा कम्तिमा १५ दिने किल्निकल तालिम दिनुपर्ने छ ।<br>• विषयगत ज्ञान सहभागीलाई कन्टेन्ट उपलब्ध गराई घर मै पढेर आउन पत्राचार गर्नुपर्ने छ ।<br>• पहिला सो सम्बन्धी तालिम लिईसकेका स्वास्थ्यकर्मीलाई पुनः तालिममा सहभागी नगराउने । |

| | |
|---|---|
| | • सहभागी छनौटको अन्य शर्तहरु तालिम केन्द्रले यस किसिमको तालिमको म्यानुअल बमोजिम निर्धारण गर्नुपर्नेछ। <br>• यसको अनुगमन मन्त्रालय, तालिम केन्द्र र स्वास्थ्य निर्देशनालयले गर्न सक्नेछन <br>• तालिम कोशी अस्पताल कोभिड १९ उपचार केन्द्रमा कार्यरत नर्सहरुलाई प्राथमिकतामा राखी तालिम संचालन गर्नुपर्ने छ । |
| **सञ्चालन गर्ने निकाय** | प्रदेश स्वास्थ्य तालिम केन्द्र, धनकुटा । |

## ३५. प्रदेशमा कार्यरत चिकित्सकहरुका लागि मेडिकोलिगल तालिम

| | |
|---|---|
| **पृष्ठभूमि** | मुख्यतया दुर्गम पहाडी जिल्लाहरुमा पोस्ट मार्टम प्रमुख चुनौतीको रुपमा रहेको छ । पहाडि र हिमालि जिल्लामा बार्है मास सवारी साधन नचल्ने र चलेपनि लाश औसर पोसार गर्न चुनौती रहेको हुनाले कम्तिमा स्थानीय तहका अस्पताल र हिमाली तथा पहाडी जिल्लाका जिल्ला अस्पतालहरुलाई लक्षित गरी तालिम संचालन गर्नु आवस्यक छ । |
| **खर्च शीर्षक नं.** | २२५२२ |
| **कृयाकलाप कोड** | २.७.२२.४६ |
| **उद्देश्य** | • मेडिकोलिगल सम्बन्धी सेवालाई व्यवस्थित गर्नका लागि चिकित्सकहरुको मेडिको लिगल सम्बन्धी ज्ञान,सीप र क्षमता अभिवृद्धि गर्ने। <br>• कानुनी प्रक्रियामा स्वास्थ्य सम्बन्धि चिकित्सकिय प्रमाणहरू उपलब्ध गराउन सहजिकरण गर्ने |
| **अपेक्षित उपलव्धी** | • मेडिकोलिगल सम्बन्धी सेवालाई व्यवस्थित गर्नका लागि चिकित्सकहरुलाई मेडिकोलिगल सम्बन्धी ज्ञान,सीप र क्षमता अभिवृद्धि हुनेछ। <br>• तालिम पश्चात कानुनी प्रक्रियामा स्वास्थ्य सम्बन्धि सही चिकित्सकिय प्रमाणहरू उपलब्ध गराउन सहजिकरण हुनेछ। |
| **सञ्चालन प्रक्रिया** | • प्रचलित सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रदेश सरकार, प्रदेश नं १को आर्थिक कार्यविधि ऐनको बमोजिम तालिम केन्द्रले तालिम संचालन गर्नुपर्नेछ। <br>• विषयसँग सम्बन्धित तालिम प्रदायक अस्पतालहरुको सूची तयार गरी तालिम सञ्चालनका लागि समन्वय र सम्झौता (वार्षिक रुपमा) गर्ने। <br>• प्रदेश मातहतका अस्पताल, स्वास्थ्य कार्यालय तथा स्थानीय तहसँग समन्वय गरी सहभागी छनौट गरी योजना बनाउनुपर्ने छ । |

| | |
|---|---|
| | • पहिला तालिम लिईसकेका चिकित्सकलाई तालिममा सहभागी गराउन पाईने छैन ।<br>• एक ब्याचमा तालिम केन्द्रको प्रोटोकल अनुसार सहभागी गराउने र तालिम अवधि १४ वा नेपाल सरकारको मापडण्ड बमोजिम हुनेछ । |
| **सञ्चालन गर्ने निकाय** | प्रदेश स्वास्थ्य तालिम केन्द्र, धनकुटा , प्रदेश स्वास्थ्य निर्देशनालय धनकुटा । |

## ३६. प्रदेशका अस्पतालका नर्सिङ कर्मचारीका लागि SBA तालिम

| | |
|---|---|
| **खर्च शीर्षक नं.** | २२५२२ |
| **कृयाकलाप कोड** | २.७.२२.४७ |
| **उद्देश्य** | दक्ष प्रसुतिकर्मीबाट प्रसुती गराउने दर वृद्धि गर्ने । |
| **अपेक्षित उपलव्धी** | • दक्ष प्रसुतिकर्मीबाट प्रसुती गराई मात्री तथा नवजात शिशुको मृत्यु दर घट्नेछ |
| **सञ्चालन प्रक्रिया** | • प्रचलित सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रदेश सरकार, प्रदेश नं १को आर्थिक कार्यविधि ऐन बमोजिम तालिम केन्द्रले तालिम संचालन गर्नुपर्नेछ।<br>• यस कार्यक्रम अन्तर्गत प्रदेश मातहतका अस्पताललाई मात्र तालिम दिनुपर्नेछ ।<br>• तालिम दिदा नेपाल सरकारको स्थाई तथा करार दुवैलाई दिनुपर्ने छ ।<br>• तालिम संचालन गर्दा विशेष त पहाडी तथा हिमाली जिल्लालाई प्राथमिकतामा राखी तालिम संचालन गर्नुपर्नेछ ।<br>• तालिम यस कार्यक्रम संग सम्बन्धित प्रचलित नेपाल सरकारको निर्देशिका बमोजिम दिनुपर्नेछ ।<br>• यस कार्यक्रमको विनियोजित बजेट मध्ये अधिकतम १० प्रतिशत अनुगमन तथा समन्वयमा खर्च गर्न सकिनेछ । |
| **सञ्चालन गर्ने निकाय** | प्रदेश स्वास्थ्य तालिम केन्द्र, धनकुटा । |

## ३७. प्रसुति सेवा संचालनका लागि Skill Enhancement and Rotation

| | |
|---|---|
| **खर्च शीर्षक नं.** | २२५२२ |
| **कृयाकलाप कोड** | २.७.२२.४८ |
| **उद्देश्य** | प्रसुतिकर्मीहरुको क्षमता अभिवृद्धि हुने । |

| | |
|---|---|
| **अपेक्षित उपलव्धी** | प्रसुतिकर्मीबाट हुने  प्रसुतीको संख्यामा वृद्धि हुने। |
| **सञ्चालन प्रक्रिया** | • प्रचलित सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रदेश सरकार, प्रदेश नं १को आर्थिक कार्यविधि ऐन  बमोजिम तालिम केन्द्रले तालिम संचालन गर्नुपर्नेछ।<br>• यस कार्यक्रम  प्रदेश मातहतका अस्पताल, स्थानीय तहका अस्पताल, स्वास्थ्य चौकी, लगायतका संस्थाहरुको नरसिंग स्टाफलाई १५ दिने प्रसुती एक्सपोजर तालिम मेची अस्पताल, उदयपुर अस्पताल, जिल्ला अस्पताल पांचथरमा गराउनुपर्ने छ ।<br>• यस कार्यक्रमको विनियोजित बजेट मध्ये अधिकतम १० प्रतिशत अनुगमन तथा समन्वयमा खर्च गर्न सकिनेछ । |
| **सञ्चालन गर्ने निकाय** | प्रदेश स्वास्थ्य तालिम केन्द्र, धनकुटा । |

३८. **Implant तालिम**

| | |
|---|---|
| **खर्च शीर्षक नं.** | २२५२२ |
| **कृयाकलाप कोड** | २.७.२२.५० |
| **उद्देश्य** | स्वास्थ्यकर्मीको ज्ञान,सीप , र क्षमताको विकास गरी गुणस्तरीय परिवार नियोजन (IMPLANT) सेवा प्रदान गरी परिवार नियोजन सेवा प्रयोगदरमा बृद्धि गर्न। |
| **अपेक्षित उपलव्धी** | परिवार नियोजन सम्बन्धी ज्ञान, सीप र दक्षता विकास हुनेछ। |
| **सञ्चालन प्रक्रिया** | • प्रचलित सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रदेश सरकार, प्रदेश नं १को आर्थिक कार्यविधि ऐन  बमोजिम तालिम केन्द्रले तालिम संचालन गर्नुपर्नेछ।<br>• प्राथमिकताको आधारमा हिमाली पहाडी र तराईको जिल्लालाई लक्षित गरेर तालिम संचालन गर्नुपर्ने छ ।<br>• तालिम स्वास्थ्य चौकी, स्थानीय तहका अस्पताल, प्रदेशका अस्पताल बाट हेल्थ असिस्टेन्ट, स्टाफ नर्स, अ.हे.व., अ.न.मी.लाई तालिम राष्ट्रिय मापदण्ड बमोजिम दिनुपर्ने छ ।<br>• कार्यक्रम अनुगमनमा  तथा तयारीमा बढीमा १०% खर्च गर्न सकिनेछ  । |
| **सञ्चालन गर्ने निकाय** | प्रदेश स्वास्थ्य तालिम केन्द्र, धनकुटा । |

३९. **IUCD तालिम**

| | |
|---|---|
| **खर्च शीर्षक नं.** | २२५२२ |

| | |
|---|---|
| **कृयाकलाप कोड** | २.७.२२.४९ |
| **उद्देश्य** | स्वास्थ्यकर्मीको सीप ,दक्षता र क्षमताको विकास गरी गुणस्तरीय परिवार नियोजन (IUCD) सेवा प्रदान गरी परिवार नियोजन सेवा प्रयोगदरमा बृद्धि गर्न। |
| **अपेक्षित उपलव्धी** | परिवार नियोजन सम्बन्धी ज्ञान, सीप र दक्षता विकास हुनेछ। |
| **सञ्चालन प्रक्रिया** | • प्रचलित सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रदेश सरकार, प्रदेश नं १को आर्थिक कार्यविधि ऐन बमोजिम तालिम केन्द्रले तालिम संचालन गर्नुपर्नेछ।<br>• प्राथमिकताको आधारमा हिमाली पहाडी र तराईको जिल्लालाई लक्षित गरेर तालिम संचालन गर्नुपर्ने छ ।<br>• तालिम स्वास्थ्य चौकी, स्थानीय तहका अस्पताल, प्रदेशका अस्पताल बाट हेल्थ असिस्टेन्ट, स्टाफ नर्स, अ.हे.व., अनमीहरुलाई तालिम राष्ट्रिय मापदण्ड बमोजिम दिनुपर्ने छ ।<br>• कार्यक्रम अनुगमनमा तथा तयारीमा बढीमा १०% खर्च गर्न सकिनेछ |
| **सञ्चालन गर्ने निकाय** | प्रदेश स्वास्थ्य तालिम केन्द्र, धनकुटा । |

४०. **MA तालिम**

| **शीर्षक** | **विवरण** |
|---|---|
| **खर्च शीर्षक नं.** | २२५२२ |
| **कृयाकलाप कोड** | २.७.२२.५१ |
| **पृष्ठभूमि** | नर्सिङ्ग स्टाफको सीप ,दक्षता र क्षमताको विकास तथा सुचिकृत गरी असुरक्षित गर्भपतनलाई न्यूनीकरण गर्ने। |
| **उद्देश्य** | असुरक्षित गर्भपतनलाई न्यूनिकरण गर्न नर्सिङ्ग स्टाफको सीप ,दक्षता र क्षमताको विकास गरी व्यक्ति सुचिकृत हुनेछ। |
| **अपेक्षित उपलव्धी** | प्रजनन रुग्णता कम हुनेछ |
| **सञ्चालन प्रक्रिया** | • प्रचलित सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रदेश सरकार, प्रदेश नं १को आर्थिक कार्यविधि ऐनको बमोजिम तालिम केन्द्रले तालिम संचालन गर्नुपर्नेछ।<br>• प्राथमिकताको आधारमा हिमाली पहाडी र तराईको जिल्लालाई लक्षित गरेर तालिम संचालन गर्नुपर्ने छ । |

| | |
|---|---|
| | • तालिम स्वास्थ्य चौकी, स्थानीय तहका अस्पताल, प्रदेशका अस्पतालमा कार्यरत स्टाफ नर्स र  अ.न.मी.हरुलाई तालिम राष्ट्रिय मापदण्ड बमोजिम दिनुपर्ने छ ।<br>• कार्यक्रम अनुगमनमा  तथा तयारीमा बढीमा १०% खर्च गर्न सकिनेछ |
| **प्रतिवेदन प्रणाली** | तालिम सम्पन्न पश्चात मन्त्रालयमा प्रतिवेदन गर्नुपर्ने छ |
| **सञ्चालन गर्ने निकाय** | प्रदेश स्वास्थ्य तालिम केन्द्र, धनकुटा । |

## ४१. औजार उपकरण खरिद- डिस्प्ले सहित सिसि क्यामेरा जडान, कम्प्युटर र प्रिन्टर, Servo Stabilizer तथा UPS

| शीर्षक | विवरण |
|---|---|
| **खर्च शीर्षक नं.** | ३११२२ |
| **कृयाकलाप कोड** | ११३.७.३., ११४.७.३., १११७.९.३., |
| **पृष्ठभूमि** | सार्वजनिक  सेवा प्रवाहको एक महत्वपूर्ण अंग कार्यालय व्यवस्थापन हो ।सार्वजनिक सेवा प्रवाह गर्दा कार्यालय व्यवस्थापन  गर्न आवश्यक देखिन्छ । प्रयोगशाला जस्तो स्वास्थ्य क्षेत्रको महत्वपूर्ण अंगलाई थप व्यवस्थित गर्दै लैजानु प्रदेश सरकारको महत्वपूर्ण जिम्मेवारीको रुपमा रहेको छ । कार्यालय संचालनको लागि आवश्यक पर्ने, कम्प्युटर प्रिन्टर, Servo Stabilizer, नयाँ भवनको लागि आवश्यक पर्ने डिस्प्ले सहितको सिसि क्यामेरा जडान गर्दै सेवालाई थप व्यवस्थित गर्दै सेवा प्रवाह गर्नु अहिलेको मुख्य जिम्मेवारी हो । |
| **उद्देश्य** | व्यवस्थित स्वास्थ्य सेवा प्रवाह गर्ने। |
| **अपेक्षित उपलव्धी** | व्यवस्थित स्वास्थ्य सेवा प्रवाह भई सार्वजनिक सेवा प्रवाहमा सहजता हुनेछ। |
| **सञ्चालन प्रक्रिया** | • प्रचलित सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रदेश सरकार, प्रदेश नं १को आर्थिक कार्यविधि ऐन  बमोजिम प्रदेश जनस्वास्थ्य प्रयोगशाला ले खरिद तथा जडान गर्न सकिनेछ ।<br>• यस अन्तर्गत प्रयोगशाला भवनमा डिस्प्ले सहितको सिसि क्यामेरा जडान,गर्नुपर्नेछ साथै IP क्यामरा कम्तिमा ५ मेगापिक्चल को हुनुपर्ने छ ।<br>• कम्प्युटर तथा प्रिन्टर ५  सेट किन्नुपर्नेछ ।<br>• प्रयोग्शालाको लागि चाहिने  Servo Stabilizer तथा UPS खरिद गर्नुपर्नेछ । |
| **प्रतिवेदन प्रणाली** | कार्यक्रम सम्पन्न पश्चात मन्त्रालयलाई जानकारी गराउनुपर्ने छ । |
| **सञ्चालन गर्ने निकाय** | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, विराटनगर  । |

४२. **माइक्रोस्कोप खरिद**

| शीर्षक | विवरण |
|---|---|
| **खर्च शीर्षक नं.** | ३११२२ |
| **कृयाकलाप कोड** | १११९.९.३. |
| **पृष्ठभूमि** | नेपाल सरकारले सन् २०२५ सम्ममा मलेरिया उन्मुलन गर्ने लक्ष्य रहेको छ । उक्त योजना अनुरुप प्रदेश सरकार, प्रदेश नं १ ले मुख्यतया तराई क्षेत्रलाई लक्षित गेरर ल्याबकर्मीहरुलाई लक्षित गरिएको छ । यस कार्यक्रमले मलेरिया उन्मुलन गर्नमा महत्वपूर्ण भूमिका खेल्नेछ । |
| **उद्देश्य** | मलेरिया सम्बन्धि तालिम संचालन गर्ने साईट तयारीमा सहयोग पुग्ने । |
| **अपेक्षित उपलव्धी** | मलेरिया सम्बन्धि तालिम संचालन गर्ने साईट स्थापना भई तालिममा सहजता हुनेछ । |
| **सञ्चालन प्रक्रिया** | • प्रचलित सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रदेश सरकार, प्रदेश नं १को आर्थिक कार्यविधि ऐन बमोजिम प्रदेश जनस्वास्थ्य प्रयोगशालाले खरिद तथा जडान गर्न सकिनेछ । |
| **प्रतिवेदन प्रणाली** | स्थापना पश्चात मन्त्रालयलाई जानकारी गराउनुपर्ने छ । |
| **सञ्चालन गर्ने निकाय** | प्रदेश जनस्वास्थ्य प्रयोगशाला, प्रदेश नं १, विराटनगर । |

४३. **प्रतिक्षालय निर्माण**

| शीर्षक | विवरण |
|---|---|
| **खर्च शीर्षक नं.** | ३११५९ |
| **कृयाकलाप कोड** | ११५.२२.४. |
| **पृष्ठभूमि** | प्रदेश जनस्वास्थ्य प्रयोगशालाको नयाँ भवन लगभग अन्तिम चरणमा रहेको छ । उक्त प्रयोगशालाले दैनिक विरामीहरुको रगत, दिशा, पिशाव, लगायत जांच गर्दै आएको छ । साथै जनस्वास्थ्य प्रयोग्शाला कै छेउँमा संचालनमा रहेको कोशी अस्पताल कोभिड १९ उपचार केन्द्रले दैनिक ल्याव परिक्षणको लागि बिरामी पठाउने गरेको हुनाले विरामीको चाप दिन दिनै बढ्दै गएको सन्दर्भमा प्रतिक्षालय निर्माण गर्न आवश्यक भएको हुनाले कार्यालयको माग बमोजिम यो बजेट विनियोजन गरियो छ । |
| **उद्देश्य** | प्रतिक्षालय निर्माण हुने । |
| **अपेक्षित उपलव्धी** | प्रतिक्षालय निर्माण भई सेवा दिनमा सहजता हुनेछ । |

| | |
|---|---|
| **सञ्चालन प्रक्रिया** | • प्रचलित सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रदेश सरकार, प्रदेश नं १को आर्थिक कार्यविधि ऐन बमोजिम प्रदेश जनस्वास्थ्य प्रयोगशाला परिसरमा निर्माण गर्नुपर्ने छ । |
| **प्रतिवेदन प्रणाली** | निर्माण सम्पन्न पश्चात मन्त्रालयलाई जानकारी गराउनुपर्ने छ । |
| **सञ्चालन गर्ने निकाय** | प्रदेश जनस्वास्थ्य प्रयोगशाला, प्रदेश नं १, विराटनगर। |

## ४४. औलो परिक्षण सम्बन्धी प्रयोगशालाकर्मीहरूलाई तालिम

| शीर्षक | विवरण |
|---|---|
| **खर्च शीर्षक नं.** | २२५२२ |
| **कृयाकलाप कोड** | २५२.२२.७. |
| **पृष्ठभूमि** | नेपाल सरकारले सन् २०२५ सम्ममा मलेरिया उन्मुलन गर्ने लक्ष्य रहेको छ । उक्त योजना अनुरोप प्रदेश सरकार, प्रदेश नं १ ले मुख्यतया तराई क्षेत्रलाई लक्षित गेरर ल्याबकर्मीहरुलाई थिक तथा थिन ब्लड स्मेयर बनाउने तालिम एव अन्य तालिम संचालन गर्ने उदेश्यले यो कार्यक्रम राखिएको हो । |
| **उद्देश्य** | प्रयोगशालाकर्मीहरुको ज्ञान, शिपको क्षमता अभिवृद्धि हुने । |
| **अपेक्षित उपलव्धी** | प्रयोगशालाकर्मीहरुको ज्ञान, शिपको क्षमता अभिवृद्धि भई मलेरियाको केश खोजपड्ताल तथा उपचारमा सहयोग हुनेछ । |
| **सञ्चालन प्रक्रिया** | • प्रचलित सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रदेश सरकार, प्रदेश नं १को आर्थिक कार्यविधि ऐन बमोजिम तालिम संचालन गर्न सकिनेछ । तालिम संचालन गर्दा देहाय बमोजिम गर्नुपर्ने छ।<br>१. प्रदेश सरकार मातहतका अस्पतालहरुमा कार्यरत ल्याबकर्मीहरुलाई मुख्य प्राथमिकतामा राख्नुपर्ने हुन्छ ।<br>२. स्थानीय तहका अस्पतालहरुबाट ल्याबकर्मीहरुलाई सहभागी गराउनुपर्ने छ ।<br>३. साथै स्थानीय तहका प्राथमिक स्वास्थ्य केन्द्र, तथा स्वास्थ्य चौकीमा ल्याव सेवा भए त्यहाँ कार्यरत ल्याबकर्मीहरुलाई सहभागी गराउनुपर्ने छ ।<br>४. तालिम राष्ट्रिय मापदण्ड बमोजिम गर्नुपर्ने छ । |

| | |
|---|---|
| **प्रतिवेदन प्रणाली** | तालिम सम्पन्न पश्चात मन्त्रालयलाई जानकारी गराउनुपर्ने छ । |
| **सञ्चालन गर्ने निकाय** | प्रदेश जनस्वास्थ्य प्रयोगशाला, प्रदेश नं १, विराटनगर। |

## ४५. प्रदेश जनस्वास्थ्य प्रयोगशालाको रणनीतिक योजना तयारी

| शीर्षक | विवरण |
|---|---|
| **खर्च शीर्षक नं.** | २२५२२ |
| **कृयाकलाप कोड** | २५५.२२.७. |
| **पृष्ठभूमि** | नेपाल सरकार एव प्रदेश सरकारको प्राथमिकता भित्र रहेको प्रयोगशाला सेवालाई थप सुध्रिद तथा विस्तार गर्दै Centre for Excellence को रुपमा विस्तार गर्दै आगामी दिनमा प्रदेश जनस्वास्थ्य प्रयोगशालाको भावी कार्यदिशा सहित रणनीतिक योजना तयारी गर्नुपर्ने छ । |
| **उद्देश्य** | प्रदेश जनस्वास्थ्य प्रयोगशालाको रणनीतिक योजना तयार गर्ने। |
| **अपेक्षित उपलव्धी** | प्रदेश जनस्वास्थ्य प्रयोगशालाको रणनीतिक योजना तयार भई Centre for Excellence को रुपमा विकास तथा विस्तार हुने । |
| **सञ्चालन प्रक्रिया** | • प्रचलित सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रदेश सरकार, प्रदेश नं १को आर्थिक कार्यविधि ऐन बमोजिम प्रदेश जनस्वास्थ्य प्रयोगशालाको भावी कार्यदिशा तथा Centre for Excellence को रुपमा विस्तार गर्न आगामी १० बर्षको रणनीतिक योजना तयार गर्नुपर्ने छ ।<br>• कार्यक्रम संचालन अगाडी TOR बनाई स्वीकृत गराई मात्र कार्यक्रम गर्नुपर्ने छ ।<br>• तयार भएको रणनीतिक योजना स्वीकृतिको लागि मन्त्रालयमा पेश गर्नुपर्ने छ । |
| **प्रतिवेदन प्रणाली** | कार्यक्रम सम्पन्न पश्चात मन्त्रालयलाई विश्लेषणात्मक प्रतिवेदन पेश गर्नुपर्ने । |
| **सञ्चालन गर्ने निकाय** | प्रदेश जनस्वास्थ्य प्रयोगशाला, प्रदेश नं १, विराटनगर। |

## ४६. महामारीको सर्भिलेन्स कार्यक्रम

| शीर्षक | विवरण |
|---|---|
| **खर्च शीर्षक नं.** | २२५२२ |
| **कृयाकलाप कोड** | २५६.२२.७. |

| | |
|---|---|
| **पृष्ठभूमि** | कोभिड-१९, लगायत अन्य महामारीहरुकोको सर्भिलेन्स प्रयोजनका लागि यो बजेट विनियोजन गरिएको छ। प्रदेश जनस्वास्थ्य प्रयोगशालाले औचित्य र आवश्यकताको आधारमा महामारीको सर्भिलेन्स गर्न सकिनेछ । |
| **उद्देश्य** | समुदायमा लुकेर रहेको संक्रामक रोगहरुको सर्भिलेन्स हुनेछ। |
| **अपेक्षित उपलव्धी** | संक्रामक रोगहरुको संक्रामण संख्या नुयुनीकरण हुने। |
| **सञ्चालन प्रक्रिया** | • प्रचलित सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रदेश सरकार, प्रदेश नं १को आर्थिक कार्यविधि ऐन औचित्य र आवश्यकताको आधारमा महामारीको सर्भिलेन्स गर्न सकिनेछ । तर कार्यक्रम गर्नु अगाडी मन्त्रालय संग TOR स्वीकृति गराउनुपर्ने छ । |
| **प्रतिवेदन प्रणाली** | कार्यक्रम सम्पन्न पश्चात Finding सहित मन्त्रालयलाई एक प्रति उपलब्ध गराउनुपर्ने छ । |
| **सञ्चालन गर्ने निकाय** | प्रदेश जनस्वास्थ्य प्रयोगशाला, प्रदेश नं १, विराटनगर। |

### ४७. कार्यक्रमको नामः प्रयोगशालाको Onsite Coaching/Mentoring कार्यक्रम ।

| शीर्षक | विवरण |
|---|---|
| **खर्च शीर्षक नं.** | २२५२२ |
| **कृयाकलाप कोड** | २५७.२२.७. |
| **पृष्ठभूमि** | प्रदेश नं १ भित्रको सरकारी, निजि, सहकारी तथा सामुदायिक अस्पतालहरुमा गुणस्तरीय सेवा प्रवाह गर्नको निम्ति सम्बन्धित ठाउंमै गएर सेवाको बारेमा सिकाउनु वा Skill विकास गर्नु मुख्य उदेश्यका साथ यो बजेट विनियोजन गरिएको छ । |
| **उद्देश्य** | गुणस्तरीय सेवा प्रवाहको लागि सुनिश्चितता हुने । |
| **अपेक्षित उपलव्धी** | सेवामा सुधार हुने। |
| **सञ्चालन प्रक्रिया** | • प्रचलित सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रदेश सरकार, प्रदेश नं १को आर्थिक कार्यविधि ऐन बमोजिम मातहतका निकाय एव स्थानीय तह संग सहकार्यमा Onsite Coaching/Mentoring गर्न सकिनेछ । |
| **प्रतिवेदन प्रणाली** | Onsite Coaching/ Mentoring पश्चात एकिकृत प्रतिवेदन मन्त्रालयलाई एक प्रति उपलब्ध गराउनुपर्ने छ । |
| **सञ्चालन गर्ने निकाय** | प्रदेश जनस्वास्थ्य प्रयोगशाला, प्रदेश नं १, विराटनगर। |

४८. **जिल्लाका अस्पतालहरूमा Histopathology/cytology सेवा अन्तर्गत क्यान्सर परिक्षणका लागि नमुना संकलन गरी प्राप्त रिपोट सम्बन्धित अस्पतालहरूमा प्रेषण गर्ने कार्यक्रम ।**

| शीर्षक | विवरण |
|---|---|
| **खर्च शीर्षक नं.** | २२५२२ |
| **कृयाकलाप कोड** | २५७.२२.७. |
| **पृष्ठभूमि** | समुदाय भित्र लुकेर रहेका स्वास्थ्य समस्याहरुलाई(मुख्यतया क्यान्सर) सम्बधित जिल्लाको जिल्ला अस्पताल तथा स्थानीय तहको अस्पतालहरुमा नमुना संकलन गरी प्रदेश जनस्वास्थ्य प्रयोगशाला सम्म ल्याई जांच पड्ताल गरी, रिपोर्ट पठाई सेवा दिने उदेश्य सहित यो बजेट विनियोजन गरिएको छ । |
| **उद्देश्य** | समुदायमा लुकेर रहेका क्यान्सर विरामीहरुको खोजपड्ताल गर्ने । |
| **अपेक्षित उपलव्धी** | समुदायमा लुकेर रहेका क्यान्सर विरामीहरुको खोजपड्ताल गरी सेवाको पहुँचमा वृद्धि हुनेछ । |
| **सञ्चालन प्रक्रिया** | • प्रचलित सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रदेश सरकार, प्रदेश नं १को आर्थिक कार्यविधि ऐन बमोजिम मातहतका निकाय तथा स्थानीय तह संग सहकार्यमा जिल्ला अस्पताल, स्थानीय तहको अस्पतालबाट Histopathology/cytology को लागि चाहिने नमुना संकलन गरी लायाई सेवा दिन सकिनेछ<br>• यस शिर्षक बाट नमुना संकलन मा खटिएका स्वास्थ्यकर्मीहरुको दै.भ्र.भ. तथा ढुवानी का लागि खर्च गर्न सकिनेछ ।<br>• |
| **प्रतिवेदन प्रणाली** | कार्यक्रम सम्पन्न पश्चात मन्त्रालयलाई एक प्रति प्रतिवेदन उपलब्ध गराउनुपर्ने छ। |
| **सञ्चालन गर्ने निकाय** | प्रदेश जनस्वास्थ्य प्रयोगशाला, प्रदेश नं १, विराटनगर। |

४९. **जिन्सी व्यवस्थापन सम्बन्धि तालिम**

| शीर्षक | विवरण |
|---|---|
| **खर्च शीर्षक नं.** | २२५२२ |
| **कृयाकलाप कोड** | २.७.२२.३४ |
| **पृष्ठभूमि** | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रले वर्षेनी विभिन्न स्वास्थ्य सामाग्रीहरु आपूर्ति गर्ने कार्य गर्दै आईरहेको छ । उक्त सामग्रीहरुको लेखा जोखो र तथ्यांकीय व्यवस्थापन गर्ने कार्य स्वास्थ्य कार्यालयहरु र अस्पतालहरुको स्टोर शाखाको मुख्य जिम्मेवारी रहदै |

| | |
|---|---|
| | आएको सन्दर्भमा स्टोरमा कार्यरत कर्मचारीलाई जिन्सी व्यवस्थापन सम्बन्धी तालिम आवश्यक देखिन्छ । |
| **उद्देश्य** | परिवार नियोजनको साधन, खोप सामग्री,निशुल्क औषधि लागत स्वास्थ्य समाग्रीको अभिलेख तथा प्रतिवेदनमा सहजता हुने । |
| **अपेक्षित उपलब्धी** | अस्पताल तथा जनस्वास्थ्य सम्बन्धि कार्यक्रम कार्यन्वयनमा टेवा पुग्नेछ। |
| **सञ्चालन प्रक्रिया** | • प्रचलित सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रदेश सरकार, प्रदेश नं १को आर्थिक कार्यविधि ऐन परिधि भित्र रही स्वास्थ्य कार्यालयहरु र अस्पतालहरुको भण्डार शाखामा कार्यगर्ने सम्पर्क व्यक्तिहरुलाई ३ दिनको जिन्सी व्यवस्थापन सम्बन्धि तालिम संचालन गर्नुपर्ने छ |
| **प्रतिवेदन प्रणाली** | तालिम संचालन पश्चात मन्त्रालय, स्वास्थ्य निर्देशनालय, तालिम केन्द्रलाई प्रतिवेदन गर्नुपर्ने छ। |
| **सञ्चालन गर्ने निकाय** | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, विराटनगर । |

**५०. Quantification and Forecasting**

| शीर्षक | विवरण |
|---|---|
| **खर्च शीर्षक नं.** | २२५२२ |
| **कृयाकलाप कोड** | २.७.२२.३८ |
| **पृष्ठभूमि** | नेपाल सरकार, स्वास्थ्य सेवा विभाग, व्यवस्थापन महाशाखाले संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारले कुन कुन औषधि खरिद गर्ने सोको बाडफाड गरिसकेको अवस्थामा प्रदेश सरकारले आफ्नो मातहतका निकाय, स्थानीय तहको अस्पताल र स्वास्थ्य संस्थाहरुको Morbidity को आधारमा Quantifications and Forecasting गरी मात्र औषधी खरिद गर्ने कार्य अगाडी बढाउन मनासिव देखिन्छ। |
| **उद्देश्य** | निःशुल्क औषधि तथा औषधिजन्य सामग्री खरिद गर्दा बैज्ञानिक तवरले परिमाण निर्धारण हुने। |
| **अपेक्षित उपलब्धी** | निःशुल्क औषधि नागरिकको पहुँच सम्म पुर्याउन सहयोग हुनेछ ।<br>जनस्वास्थ्य सम्बन्धि कार्यक्रम कार्यन्वयनमा सहयोग हुनेछ । |
| **सञ्चालन प्रक्रिया** | • प्रचलित सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रदेश सरकार, प्रदेश नं १को आर्थिक कार्यविधि ऐनको परिधि भित्र रही देहाय बमोजिम गर्नुपर्ने छ । |

| | |
|---|---|
| | • गोष्ठीमा सबै स्वास्थ्य कार्यालय, सबै अस्पतालको प्रमुख, स्वास्थ्य निर्देशनालयको प्रमुख तालिम केन्द्रको प्रमुख, जनस्वास्थ्य प्रयोगशालयको प्रमुख, स्वास्थ्य सेवा विभाग बाट यस सम्बन्धि २ जना,स्वास्थ्य मन्त्रालय बाट ७ जना र बाँकि औचित्य र आवश्यकताको आधारमा सहभागी छनौट गर्नुपर्ने छ । |
| **प्रतिवेदन प्रणाली** | कार्यक्रमको विश्लेषनातमक प्रतिवेदन मन्त्रालयमा पेश गर्नुपर्ने छ । |
| **सञ्चालन गर्ने निकाय** | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, विराटनगर। |

## ५१. जेनरेटर खरिद

| शीर्षक | विवरण |
|---|---|
| **खर्च शीर्षक नं.** | ३११२२ |
| **कृयाकलाप कोड** | ११.३.७.२ |
| **उद्देश्य** | जेनरेटर खरिद गरी नेपाल रेडक्रस सोसाईटी मोरंग शाखालाई हस्तान्तरन गर्ने । |
| **अपेक्षित उपलव्धी** | दैविक कार्यसंचालनमा सहज हुने |
| **सञ्चालन प्रक्रिया** | प्रचलित सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रदेश सरकार, प्रदेश नं १ को आर्थिक कार्यविधि ऐन बमोजिम बजेटको परिधि भित्र रही नेपाल रेडक्रस सोसाईटी मोरंग शाखालाई न्यूनतम ८५ KVA सम्मको जेनरेटर खरिद गरी स्वास्थ्य कार्यालय मोरंग मार्फत हस्तान्तरण गर्नुपर्नेछ । |
| **प्रतिवेदन प्रणाली** | कार्यक्रम संचालन पश्चात मन्त्रालयलाई प्रतिवेदन गर्नुपर्ने छ । |
| **सञ्चालन गर्ने निकाय** | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, विराटनगर। |

## ५२. निर्मित भवनको संरचनात्मक सुधार

| शीर्षक | विवरण |
|---|---|
| **खर्च शीर्षक नं.** | ३११६१ |
| **कृयाकलाप कोड** | ११.५.४२.२ |
| **उद्देश्य** | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रमा औषधी तथा सामग्री भण्डारणको संरचना तयार गर्ने। |
| **अपेक्षित उपलव्धी** | औषधी तथा सामग्री भण्डारण ब्यवस्थित तवरले हुने। |

| | |
|---|---|
| **सञ्चालन प्रक्रिया** | • प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र परिसरमा कार्यालयमा कोठा थप संरचनात्मक सुधारका लागि स्थान यकिन गरी लागत अनुमान तयार गर्नुपर्नेछ।<br>• प्रचलित सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रदेश सरकार, प्रदेश नं १ को आर्थिक कार्यविधि ऐनको परिधि भित्र रही कार्यसम्पन्न गर्नुपर्ने छ । |
| **प्रतिवेदन प्रणाली** | कार्यक्रम सम्पन्न पश्चात मन्त्रालयलाई प्रतिवेदन गर्नुपर्ने छ । |
| **सञ्चालन गर्ने निकाय** | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, विराटनगर। |

## आपतकालीन तथा अन्य महामारी व्यवस्थापन (३७०००१०१)

### पृष्ठभूमि

कोभिड-१९ संक्रमण लगायत समय समयमा आइपर्ने बिभिन्न किसिमका महामारी, प्राकृतिक प्रकोपले निम्त्याउने आपतकालीन स्वास्थ्य समस्या रोकथाम, नियन्त्रण तथा समाधानका लागि बिभिन्न कृयाकलाप गर्ने, प्रतिकार्यका निम्ति योजना बनाई कार्यान्वयन गर्ने, अत्यावश्यक औषधि, औषधिजन्य सामग्री खरिद गरी महामरी व्यवस्थापन कार्य प्रभावकारी रुपमा सञ्चालन गर्नका निम्ति यस शीर्षकमा बजेट विनियोजन गरिएको हो।

### ५३. औषधी तथा औषधीजन्य सामग्री खरिद

| **उपशीर्षक** | **विवरण** |
|---|---|
| **खर्च शीर्षक नं.** | २७२१३ |
| **कृयाकलाप कोड** | ७.२.९.१ |
| **उद्देश्य** | प्राकृतिक प्रकोप तथा बिभिन्न किसिमका महामारी व्यबस्थापनका लागी समयमा नै आवश्यक औषधी तथा औषधिजन्य सामग्री खरिद गरी सम्बन्धित स्वास्थ्य संस्थामा उपलब्ध गराउने। |
| **अपेक्षित उपलब्धी** | १. प्राकृतिक प्रकोप तथा बिभिन्न किसिमका महामारी व्यबस्थापनका लागी समयमा नै आवश्यक औषधी तथा औषधिजन्य सामग्री खरिद हुने।<br>२. खरिद भएका मालसामानहरु सम्बन्धित स्वास्थ्य संस्थामा उपलब्ध हुने। |
| **सञ्चालन प्रक्रिया** | १. स्वास्थ्य कार्यालयमा गठन भएको Rapid Response Team (RRT) को नियमित बैठकबाट सिफारिस भए अनुरुप महामारी व्यवस्थापनका लागि आवश्यक औषधी तथा औषधीजन्य सामग्रीको विवरण तयार गर्नुपर्नेछ।<br>२. प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रको हकमा कोभिड-१९ उपचार केन्द्र, प्रादेशिक स्वास्थ्य आपतकालीन कार्य सञ्चालन केन्द्र, मन्त्रालयका सम्बन्धित महाशाखाहरुसंग बैठक बसी आपतकालीन अवस्थामा आवश्यक पर्ने औषधी तथा सामग्रीको सूचि तयार गर्नुपर्नेछ।<br>३. तयार गरिएको सुचि बमोजिम खरिद गर्नुपर्ने औषधी तथा औषधीजन्य सामग्रीहरु प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ मा व्यबस्था भए बमोजिम गर्नुपर्नेछ। |

| | |
|---|---|
| | ४. औषधीको स्पेसिफिकेसन तयारी, खरिद पश्चात गुणस्तर यकिन फार्मेसि जनशक्तिबाट गराउनुपर्नेछ। औषधि खरिद गर्दा WHO GMP/USFDA Certified र औषधिजन्य सामाग्रि खरिद गर्दा ISO Certified हुनुपर्नेछ।<br>५. खरिद भएका औषधी तथा औषधिजन्य सामग्रीहरु आवश्यकतानुसार सम्बन्धित स्थानमा ढुवानी गर्नुपर्नेछ।<br>६. स्वास्थ्यजन्य विपद तथा महामारीको प्रकृति हेरी आवश्यक्तानुसार औषधी तथा सामग्रीहरु Buffer Stock मा समेत राख्नुपर्नेछ।<br>७. कार्यक्रम सञ्चालन गर्दा जिल्लाको Rapid Response Team (RRT) focal person संग समन्वय गरी गर्नुपर्नेछ। |
| **प्रतिवेदन प्रणाली** | कार्यक्रम सञ्चालन गरे पश्चात सो को प्रतिवेदन स्वास्थ्य निर्देशनालय र स्वास्थ्य मन्त्रालयलाई पठाउनुपर्नेछ। |
| **सञ्चालन गर्ने निकाय** | स्वास्थ्य कार्यलय, प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र। |

## ५४. आपतकालीन तथा विपद् व्यवस्थापनका लागि औजार उपकरण खरिद

| **उपशीर्षक** | **विवरण** |
|---|---|
| **खर्च शीर्षक नं.** | ३११२२ |
| **कृयाकलाप कोड** | ११.३.९.१४ |
| **उद्देश्य** | प्राकृतिक प्रकोप तथा बिभिन्न किसिमका महामारी व्यबस्थापनका लागी समयमा नै आवश्यक औजार उपकरण खरिद हुने। |
| **अपेक्षित उपलब्धी** | प्राकृतिक प्रकोप तथा बिभिन्न किसिमका महामारी व्यबस्थापनका लागी समयमा नै आवश्यक औजार उपकरण खरिद भई स्वास्थ्य संस्थामा उपलब्ध हुने। |
| **सञ्चालन प्रक्रिया** | १. स्वास्थ्य कार्यालयमा गठन भएको Rapid Response Team (RRT) को नियमित बैठकबाट सिफारिस भए अनुरुप महामारी व्यवस्थापनका लागि आवश्यक औजार उपकरणको विवरण तयार गर्नुपर्नेछ।<br>२. प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रको हकमा कोभिड-१९ उपचार केन्द्र, प्रादेशिक स्वास्थ्य आपतकालीन कार्य सञ्चालन केन्द्र, मन्त्रालयका सम्बन्धित महाशाखाहरुसंग बैठक बसी आपतकालीन अवस्थामा आवश्यक पर्ने औजार उपकरणको सूचि तयार गर्नुपर्नेछ। |

| | |
|---|---|
| | ३. प्रदेश जनस्वास्थ्य प्रयोगशालाले विपद्को अवस्थामा आवश्यक पर्ने थप ल्याव सामग्री, उपकरणको विवरण सम्बन्धित क्षेत्रका विज्ञ चिकित्सकसं छलफल गरी तयार गर्नुपर्नेछ।<br>४. तयार गरिएको सुचि बमोजिम खरिद गर्नुपर्ने औषधी तथा औषधीजन्य सामग्रीहरु प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ मा व्यबस्था भए बमोजिम गर्नुपर्नेछ।<br>५. मेडिकल औजार उपकरणको स्पेसिफिकेसन तयार गर्न, खरिद पश्चात गुणस्तर यकिन गर्न मन्त्रालय मातहतमा कार्यरत बायोमेडिकल ईन्जिनियरलाई संलग्न गराउनुपर्नेछ। |
| **प्रतिवेदन प्रणाली** | कार्यक्रम सञ्चालन गरे पश्चात सो को प्रतिवेदन स्वास्थ्य निर्देशनालय, स्वास्थ्य मन्त्रालयमा पठाउनुपर्नेछ। |
| **सञ्चालन गर्ने निकाय** | स्वास्थ्य कार्यलय, प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, प्रदेश जनस्वास्थ्य प्रयोगशाला। |

## ५५. आपतकालिन/आकस्मिक स्वास्थ्य सेवा व्यवस्थापन

| **उपशीर्षक** | **विवरण** |
|---|---|
| **खर्च शीर्षक नं.** | २२५२२ |
| **कृयाकलाप कोड** | २.७.२२.७१ |
| **उद्देश्य** | कोभिड-१९ जस्ता महामारी तथा अन्य बिभिन्न प्राकृतिक प्रकोपले निम्त्याउने स्वास्थ्य समस्याको समयमै रोकथाम, नियन्त्रण तथा व्यवस्थापन गर्ने। |
| **अपेक्षित उपलब्धी** | महामारी तथा प्राकृतिक विपदले निम्त्याउने स्वास्थ्य समस्याको प्रतिकार्य, ब्यवस्थापन प्रभावकारी रुपमा हुने। |
| **सञ्चालन प्रक्रिया** | १.कोभिड-१९ संक्रमण लगायत आपतकालीन स्वास्थ्य समस्याको आंकलन गरी सोही बमोजिम रोकथाम, नियन्त्रण तथा समाधानका लागि आवश्यक गतिबिधिहरु सञ्चालन गर्न सकिनेछ।<br>२.अस्पतालहरुमा आइसोलेसन कक्ष व्यबस्थापन, स्वास्थ्यकर्मीहरुलाई आवश्यक सुरक्षाका सामग्रीको उपलब्धता आदि यसै शिर्षकबाट गर्नुपर्नेछ।<br>३.यस शीर्षकबाट स्वास्थ्य कार्यालयले तहाँ गठन भएको Rapid Response Team (RRT) को त्रैमासिक बैठक, विपद् व्यवस्थापनमा स्वास्थ्यको भूमिकाबारे समिक्षा, बिपद् |

| | |
|---|---|
| | प्रतिकार्य कार्य योजना निर्माण लगायतका कार्य गर्नुपर्नेछ। कार्यक्रम सञ्चालन गर्दा जिल्लाको Rapid Response Team (RRT) focal person संग समन्वय गरी गर्नुपर्नेछ।<br>४. आपतकालीन अवस्थामा विपद् व्यवस्थापनका लागि स्थलगत टोली खटाउनुपर्ने भएमा Rapid Response Team परिचालन यस शीर्षकको बजेटबाट गर्न सकिनेछ। |
| **प्रतिवेदन प्रणाली** | कार्यक्रम सञ्चालन गरे पश्चात सो को प्रतिवेदन स्वास्थ्य मन्त्रालय, स्वास्थ्य निर्देशनालय र प्रादेशिक स्वास्थ्य आपतकालीन कार्यसञ्चालन केन्द्रलाई पठाउनुपर्नेछ। |
| **सञ्चालन गर्ने निकाय** | स्वास्थ्य कार्यलय, जिल्ला अस्पताल, प्रदेश जनस्वास्थ्य प्रयोगशाला, प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र। |

## ५६.	अपाङ्गमैत्री शौचालय निर्माण

| उपशीर्षक | विवरण |
|---|---|
| खर्च शीर्षक नं. | ३१११२ |
| कृयाकलाप कोड | ११.१.२.४ |
| उद्देश्य | अस्पतालहरूमा अपाङ्गमैत्री शौचालय निर्माण गर्ने । |
| अपेक्षित उपलब्धि | अपाङ्गता भएका व्यक्तिहरूको अस्पतालको शौचालयमा सहज पहुँच हुनेछ । |
| सञ्चालन प्रक्रिया | अस्पतालले राष्ट्रिय अपाङ्ग महासंघको जिल्लास्थित निकायसंग समन्वय गरी एक वटा अपाङ्गमैत्री शौचालय निर्माण गर्नुपर्नेछ । शौचालय निर्माण गर्दा निम्न लिखित कुरामा ध्यान दिनुपर्नेछ ।<br>• शौचालयमा जान आउन प्रयोग हुने सजिलो बाटो<br>• ओ.पी.डी. बाट सजिलै पहुँच हुने स्थानमा (अस्पतालको मास्टर प्लान भए त्यमा भएको स्थानमा)<br>• बिजुली बत्ती तथा प्रकाश व्यवस्था र क्रस भेन्टिलेशन<br>• शौचालय भित्र ह्वील चेयर घुम्न मिल्ने ठाउँ तथा अन्य प्रयोगकर्तामैत्री सुविधा<br>• उठ्न बस्न सजिलो हुने खालको व्यवस्था<br>शौचालय निर्माण प्रक्रिया सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार गर्नुपर्नेछ र सोको अनुगमन स्वास्थ्य मन्त्रालय र स्वास्थ्य निर्देशनालयले गर्नुपर्नेछ। |
| सञ्चालन गर्ने निकाय | मेची अस्पताल, उदयपुर अस्पताल, मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टर |
| प्रतिवेदन प्रणाली | शौचालय निर्माण शुरू र सम्पन्न भएको जानकारी सम्बन्धित अस्पतालले अनिवार्य स्वास्थ्य निर्देशनालय र स्वास्थ्य मन्त्रालयलाई गर्नुपर्नेछ । |

## ५७.	पोषण पुनर्स्थापना गृह निर्माण

| उपशीर्षक | विवरण |
|---|---|
| खर्च शीर्षक नं. | ३१११२ |
| कृयाकलाप कोड | ११.१.२.५ |
| उद्देश्य | कुपोषण व्यवस्थापनका लागि पोषण पुनर्स्थापना गृह निर्माण गर्ने। |

| | |
|---|---|
| **अपेक्षित उपलब्धि** | पाँच वर्षमुनिका शीघ्र कुपोषित बालबालिकाहरूको उपचार व्यवस्थापन भई अकाल मृत्युदर कम हुनेछ । |
| **सञ्चालन प्रक्रिया** | • जिल्ला अस्पताल खोटाङले प्रिफ्याबको पोषण पुनर्स्थापना गृह निर्माण गर्नुपर्नेछ। सो पुनर्स्थापना गृहमा कम्तींमा ५ शैया क्षमताको एक वटा बिरामीको लागि वार्ड, एक वटा नर्सिङ्ग स्टेसन, एक वटा भान्सा तथा खाना खाने कोठा, एक वटा भण्डार कोठा र दुई-दुई वटा बाथरूम तथा ट्वाइलेट हुनुपर्नेछ। बिरामीको वार्डको क्षेत्रफल प्रति शैया कम्तीमा १५० वर्ग फिट र अन्य कोठाहरूका लागि एकमुष्ठ ३० प्रतिशत क्षेत्रफल हुनुपर्नेछ।<br>• मेची अस्पतालले पोषण पुनर्स्थापना केन्द्रमा भर्ना भएका बच्चाहरूका लागि प्रिफ्याबको खेल्ने कोठा निर्माण गर्नुपर्नेछ। खेल्ने कोठाको क्षेत्रफल कम्तिमा ८०० वर्ग फिट हुनुपर्नेछ।<br>• भवन निर्माण प्रक्रिया सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार गर्नुपर्नेछ र सोको अनुगमन मन्त्रालय र स्वास्थ्य निर्देशनालयले गर्नुपर्नेछ। |
| **सञ्चालन गर्ने निकाय** | मेची अस्पताल, जिल्ला अस्पताल खोटाङ |
| **प्रतिवेदन प्रणाली** | भवन निर्माण शुरू र सम्पन्न भएको जानकारी सम्बन्धित अस्पतालले अनिवार्य स्वास्थ्य निर्देशनालय र स्वास्थ्य मन्त्रालयलाई गर्नुपर्नेछ । |

### ५८. CT स्क्यानको लागि भवन निर्माण

| **उपशीर्षक** | **विवरण** |
|---|---|
| **खर्च शीर्षक नं.** | ३१११२ |
| **कृयाकलाप कोड** | ११.१.२.६ |
| **उद्देश्य** | अस्पतालमा सि.टि. स्क्यान मेसिन राखि सेवा शुरू गर्नका लागि भवन निर्माण गर्ने । |
| **अपेक्षित उपलब्धि** | सि.टि. स्क्यान मेसिन राख्नका लागि विकिरण चुहावट नियन्त्रण हुने भवन निर्माण भई सेवा शुरू हुनेछ । |
| **सञ्चालन प्रक्रिया** | अस्पतालले प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार भवन निर्माण कार्य सम्पन्न गर्नुपर्नेछ ।<br>सि.टि. स्क्यानका लागि भवन निर्माण गर्दा ध्यान दिनुपर्ने कुराहरू निम्नानुसार छन् । (श्रोतः (स्वास्थ्य संस्था सञ्चालन मापदण्ड, २०७७, नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय) |

| | |
|---|---|
| | • स्क्यान गर्ने कोठामा क्षेत्रफल कम्तिमा ६२५ से.मि. x ४०० से.मि. र उचाइ कम्तिमा २५० से.मि. को हुनुपर्नेछ।<br>• नियन्त्रण गर्ने कोठा अलग हुनु पर्नेछ र यो कम्तिमा ४०० से.मि. x २०० से.मि. को हुनुपर्नेछ।<br>• प्रोसेसिङ कोठा स्क्यान गर्ने कोठा भन्दा अलग हुनुपर्नेछ।<br>• प्रतिक्षा गर्ने र रिपोर्ट दिने कोठा अलग हुनुपर्नेछ।<br>• सि.टि. स्क्यान गर्ने कक्षमा HVAC System को व्यवस्था हुनुपर्नेछ।<br>• ढोका र हेर्ने झ्याल (भ्युईङ झ्याल) मा २ मि.मि. बाक्लो सिसा (लिड) भएको हुनुपर्नेछ।<br>• ०.२ मि.मि. बाक्लो सिसा (लिड) र १५ से.मि. ईट्टाको भित्ता वा २५ से.मि. ईट्टाको भित्ता वा कंक्रिटको भित्ता भएको हुनुपर्नेछ।<br>• सम्भव भएसम्म झ्याल नभएको कोठा, कोठाको भेन्टिलेसन जमिनदेखि १८० से.मि. माथि रहेको र आफै बन्द हुने स्वचलित ढोका भएको हुनुपर्नेछ।<br>निर्माण प्रक्रियाको अनुगमन मन्त्रालय र स्वास्थ्य निर्देशनालयले गर्नुपर्नेछ। |
| **सञ्चालन गर्ने निकाय** | मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टर |
| **प्रतिवेदन प्रणाली** | निर्माण प्रक्रिया शुरू र सम्पन्न भएको जानकारी सम्बन्धित अस्पतालले अनिवार्य स्वास्थ्य निर्देशनालय र स्वास्थ्य मन्त्रालयलाई गर्नुपर्नेछ । |

## ५९. Maternity Ward निर्माण

| **उपशीर्षक** | **विवरण** |
|---|---|
| **खर्च शीर्षक नं.** | ३१११२ |
| **कृयाकलाप कोड** | ११.१.२.७ |
| **उद्देश्य** | म्याटर्निटि सेवाको क्षमता विस्तार गर्ने । |
| **अपेक्षित उपलब्धि** | मातृ तथा नवजात शिशुको रुग्णता र मृत्युदर न्युनिकरण हुनेछ। |
| **सञ्चालन प्रक्रिया** | म्याटर्निटि वार्ड निर्माणका लागि मातृ तथा नवजात शिशुको स्वास्थ्य प्रवर्धनको क्षेत्रमा कार्य गरिरहेका संस्थाबाट लागत साझेदारीमा म्याटर्निटि भवन निर्माणका लागि प्रस्ताव पेश भएमा मन्त्रालयको स्वीकृति लिई निर्माण गर्नुपर्नेछ। |
| **सञ्चालन गर्ने निकाय** | उदयपुर अस्पताल |
| **प्रतिवेदन प्रणाली** | भवन निर्माणको प्रगति विवरण स्वास्थ्य निर्देशनालय र स्वास्थ्य मन्त्रालयमा बुझाउनुपर्नेछ। |

## ६०. Biomedical Workshop निर्माण

| उपशीर्षक | विवरण |
|---|---|
| खर्च शीर्षक नं. | ३१११२ |
| कृयाकलाप कोड | ११.१.२.६ |
| उद्देश्य | प्रदेश भरि रहेका स्वास्थ्य सँग सम्बन्धित उपकरणहरूको मर्मत सम्भारका लागि एक वटा Biomedical Workshop निर्माण गर्ने । |
| अपेक्षित उपलब्धि | अस्पतालहरूमा प्रयोग हुने बायोमेडिकल उपकरणहरूको मर्मत सम्भार र क्यालिब्रेसन भई उपकरणहरूको अधिकतम उपयोग हुनेछ । |
| सञ्चालन प्रक्रिया | Biomedical Workshop निर्माणका लागि स्वास्थ्य मन्त्रालयसँगको समन्वयमा उपयुक्त स्थान छनौट भए पश्चात स्वास्थ्य क्षेत्रमा कार्य गरिरहेका संस्थासँग साझेदारीमा स्वास्थ्य मन्त्रालयसँग स्वीकृति लिई वर्कशपका लागि भवन निर्माण गर्नुपर्नेछ। |
| सञ्चालन गर्ने निकाय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र |
| प्रतिवेदन प्रणाली | निर्माण प्रक्रिया शुरू र सम्पन्न भएको जानकारी सम्बन्धित कार्यालयले अनिवार्य स्वास्थ्य मन्त्रालयलाई गर्नुपर्नेछ । |

## ६१. औजार उपकरण खरिद

| उपशीर्षक | विवरण |
|---|---|
| खर्च शीर्षक नं. | ३११२२ |
| उद्देश्य | आधुनिक, प्रविधीमैत्री स्वास्थ्य सेवा प्रदान गर्न अस्पतालहरुमा आवश्यक मेडिकल औजार, उपकरण व्यवस्थापन गर्ने । |
| अपेक्षित उपलब्धि | अस्पतालहरुमा आवश्यक मेडिकल औजार, उपकरण उपलब्ध भई सुदृढ एवम् गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह हुनेछ। |
| सञ्चालन प्रक्रिया | प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार स्वीकृत बजेटको परिधीभित्र रही बजेट विनियोजन भएका अस्पतालहरूले तपसिलका कृयाकलापहरु सञ्चालन गर्नुपर्नेछ। प्रत्येक अस्पतालले खरिद कार्यका लागि प्रदेश मतहतका कार्यालयमा कार्यरत बायोमेडिकल ईन्जिनियरको पूर्ण संलग्नतामा स्पेसिफिकेसन तयार गर्नुपर्नेछ। स्पेसिफिकेसन तयार गर्दा नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको टेक्निकल स्पेसिफिकेसन ब्याङ्कलाई पनि आधार लिन सकिनेछ । |

| | |
|---|---|
| | **जेनेरेटर खरिद (११.३.७.२)**<br>जिल्ला अस्पताल धनकुटा र संखुवासभाले एक थान जेनेरेटर (कम्तीमा १०० KVA with auto restart) खरिद तथा जडान गरी सञ्चालनमा ल्याउनुपर्नेछ ।<br>**अस्पतालमा सेवा निरन्तरताका लागि अन्य औजार उपकरण खरिद (११.३.९.३)**<br>• अस्पतालमा मौजुदा औजार उपकरणहरुबाट सेवा प्रदान गर्न अपुग भए नयाँ खरिद गर्न सकिनेछ। खरिद गर्नु भन्दा अगाडी औजार उपकरणहरुको मौज्दात सूची तयार गरी चालु हालतमा रहे नरहेको हेरी संचालनमा नआउने भएमा मात्र प्रतिस्थापन वा औजार उपकरणहरु नै नभएमा नयाँ खरिद गर्न सकिनेछ। अस्पतालले खरिद गर्ने औजार उपकरणहरुको सूची न्यूनतम सेवा मापदण्ड (Minimum Service Standards) लाई मध्यनजर गरी तयार गर्नुपर्नेछ। मेची अस्पताल, जिल्ला अस्पताल सोलुखुम्बु, पाँचथर र संखुवासभाले अस्पतालको नव निर्मित भवन सञ्चालनका लागि चाहिने औजार उपकरणहरू यसै शीर्षकमा विनियोजित बजेटबाट खरिद गर्नुपर्नेछ ।<br>**Hematology Analyser (५ parts) खरिद (११.३.९.६)**<br>मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टरले एक वटा Hematology Analyser (५ parts) मेसिन खरिद तथा जडान गरी सेवा सञ्चालन गर्नुपर्नेछ । प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रले तीन वटा Hematology Analyser (५ parts) मेसिन खरिद गर्नुपर्नेछ । मेसिन खरिद गर्दा ISO13485:2003/AC:2007 for Medical Devices प्राप्त गरेको र CE (93/42 EEC Directives) वा USFDA approved product certificate प्राप्त गरेको हुनुपर्नेछ । Maintenance Contract को कार्यशर्त अनिवार्य स्पेसिफिकेसनमा उल्लेख भएको हुनुपर्छ । स्पेसिफिकेसनमा ५ वर्षको लागि Routine test Parameter को Cost per test पनि माग्नुपर्नेछ र मुल्याङ्कनमा अनिवार्य सो कुरा समावेश गर्नुपर्नेछ ।खरिद पश्चात प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रले स्वास्थ्य मन्त्रालय सँगको समन्वयमा Hematology Analyser मेसिन सम्बन्धित सरकारी स्वास्थ्य संस्थाहरूमा हस्तान्तरण गरी पठाउनु पर्नेछ ।<br>**DR एक्स रे मेसिन खरिद।जडान (११.३.९.७)**<br>जिल्ला अस्पताल धनकुटा, उदयपुर र मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टरले एक थान X-Ray Machine 500 mA, with system with Film Printer खरिद तथा जडान गरी सेवा प्रवाह गर्नुपर्नेछ। ।खरिद गरेका मेसिनहरूले ISO13485:2003/AC:2007 for Medical Devices प्राप्त गरेको र CE (93/42 EEC Directives) वा USFDA |

approved product certificate प्राप्त गरेको हुनुपर्नेछ । Maintenance Contract को कार्यशर्त अनिवार्य स्पेसिफिकेसनमा उल्लेख भएको हुनुपर्छ ।

**CLIA मेशिन (११.३.९.९)**

